# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

शिक्षा निरन्तर चलिरहने प्रकृया हो । यो मानिसको जन्मदेखि मुत्युपर्यन्त चलिरहन्छ । भनिन्छ, शिक्षा कोक्रोवाट सुरु भई चितामा अन्त्य हुन्छ । मानिसले (जीवनमा) जन्मदेखि मृत्यु नहुन्जेलसम्म यस धर्तिमा जे जति कुराहरू सिक्छ सो नै शिक्षा हो । शिक्षाले मानिसका आन्तरिक प्रतिभाहरूको प्रस्फुटन गर्नुका साथै बालबालिकाको सवाङ्गीण विकास गराई व्यक्तिलाई सक्षम, सहज र सवल तरिकाले व्यवहार परिवर्तन गर्न सहयोग पुऱ्याउँछ । गुणात्मक शिक्षाको लागि पाठ्यक्रम र पाठ्यपुस्तक मात्र स्तरीय भएर पुग्दैन पाठ्यपुस्तकलाई विद्यार्थीमा कुशल तरिकाले हस्तान्तरण गर्न योग्य तालिम प्राप्त शिक्षकको खाँचो पर्दछ ।

तालिम शब्दले मानिसलाई सीपयुक्त  बनाउने प्रकृियालाई जनाउँछ । कुनै पनि कार्यमा खट्नु अघि त्यसबारेमा जानकारी राख्दै ब्यवहारमा परिवर्तन ल्याउने सीप हाँसिल गर्नु वा आफ्नै कार्यमा खटिरहदा त्यसलाई अझ बढी परिष्कृत गरी कार्य सम्पादन गर्ने तरिकाको आवश्यकता पर्दछ । तालिम प्राप्त जनशक्तिले ज्ञान, सीप र अभिवृद्धि परिर्वतन गरी आशातीत नतिजा निकाल्न सहयोग पुऱ्याउँछ, भन्ने कुरालाई स्पष्ट गरेको छ । वर्तमान विश्वमा मानवविकास गरी समग्र राष्ट्रको विकास गर्नु सवै देशहरूको साझा चुनौति वनेको छ । उक्त चुनैतिको सामना गर्ने एक मात्र भरपर्दो उपाय  शिक्षाको विकास गर्नु हो । गुणस्तरीय शिक्षाको विकासका लागि दक्ष र सीपयुक्त शिक्षकको आवश्यकता पर्दछ र त्यसको पूर्ति तालिम प्राप्त शिक्षकहरूको माध्यमबाट गर्न सकिन्छ ।  नेपालमा सर्वप्रथम शिक्षकलाई तालिम प्रदान गर्ने उद्देश्यले वि.स २००४ सालमा "आधार शिक्षा अन्तर्गत" आधार शिक्षक प्रशिक्षण केन्द्रको स्थापना भएको पाइन्छ । वि.स. २००७ सालपछि यस केन्द्रलाई नेपाल शिक्षक प्रशिक्षण केन्द्रका रुपमा रुपान्तरित गरियो । शिक्षकलाई तालिम प्रदान गर्ने क्रममा नै वि.स. २०१३ सालमा शिक्षा महाविद्यालय को स्थापना भयो जसलाई वि.स. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भए पश्चात त्रि.वि.कै एक अंगका रुपमा समावेश गरियो, (श्रेष्ठ, २०५६ : ३९)

शिक्षा ऐन २०२८ को सातौ संशोधनले २०३७ पश्चात शिक्षकहरूलाई तालिमको अनिवार्यता हटायो फलस्वरुप शिक्षक तालिममा शिथिलता आउन थाल्यो । यसको केही समय पछि शिक्षा तथा खेलकुद मन्त्रालयले नै लामो अवधिको लागि शिक्षक तालिम सँचालन नगरी छोटो अवधिका शिक्षक तालिमहरू सँचालन गदै आयो भने त्रिभुवन विश्वद्यिालयले शिक्षाशास्त्र संकायमार्फत

लामो अवधिको तालिम प्रदान गर्दै आएको पाइन्छ । डाक्टर, इन्जिनियर, पाइलट, आदिलाई उनीहरूको पेशाको आधारमा लाइसेन्स दिएको पाइन्छ । जसले गर्दा आफ्नो कार्य क्षेत्रमा दक्षता हाँसिल गरेको हुन्छ, ठीक त्यस्तै प्रकारले शिक्षा क्षेत्रमा पनि शिक्षक वन्नको लागि अध्ययन अनुमति पत्र अनिर्वाय लिनु पर्ने व्यवस्था गरेको छ । अध्यापन अनुमति पत्रले तालिम अप्राप्त शिक्षकको भिडलाई रोक्ने, शिक्षाको गुणस्तर उकास्ने, शिक्षकको पेशागत क्षमता वढाउने र प्रभावकारी शिक्षण गर्ने महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले शिक्षा क्षेत्रको विविध क्षेत्रमा काम गर्ने जनशक्तिलाई तालिम प्रदान गर्ने तालिमका नीति निर्धारण, अनुसन्धान तथा मूल्याङ्कनका कार्यहरू सम्पादनका लागि एउटा केन्द्रीय निकायको आवश्यकता औंल्याए पछि वि.स. २०५० सालमा शैक्षिक जनशक्ति केन्द्रको स्थापना भयो । यसले अन्य कुराहरूको अतिरिक्त शिक्षकलाई तालिम प्रदान गर्ने लक्ष्यकासाथ देशभरी ९ वटा ? प्राथमिक शिक्षक तालिम केन्द्रहरू, शिक्षाशास्त्र संकायका क्याम्पसहरू, माध्यमिक शिक्षा विकास गराई , नीजि प्राथमिक शिक्षक तालिम केन्द्रहरूबाट समेत आमने -सामने तालिम र दूर शिक्षा पद्धतिवाट  तालिम प्रदान गर्दै आएको छ (ढकाल, २०५२) । तालिमले खासगरी प्रभावकारी शिक्षण गर्न, सिकाईका लक्ष्यहरू पूरा गर्न, कक्षाकोठाको प्रभावकारीपूर्ण किसिमले व्यवस्थापन गर्न, शैक्षिक उपलब्धिलाई वढाउन सहयोग गर्दछ । शिक्षकलाई तालिम दिनुको औचित्य प्रभावकारी शिक्षणको माध्यमवाट मानव मस्तिष्क संगै अन्तरकृिया गरी उसको मस्तिष्कमा चाहेको जस्तो व्यवहार ल्याउन उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक वा सम्पूर्ण व्यक्तिको विकास गराउन वा विद्यार्थीको ब्यवहारमा परिवर्तन ल्याउन र विद्यार्थीको रुचि चाहान अनुरुप शिक्षण गर्नु हो ।

आजको परिवर्तनशील समयसँग -सँगै शिक्षा सम्बन्धि धारणामा पनि परिवर्तन आएको छ । आजको आधुनिक धारणा अनुसार शिक्षालाई विद्यालयको चौघेराभित्र मात्र सीमित गर्नु हुँदैन । शिक्षा स्वतन्त्र व्यवहारिक, कार्यमूलक, रोजगारमुलक र सर्वसुलभ हुनुपर्दछ । आजको प्रतिस्प्रर्धात्मक समयमा अविकसित देशका बालबालिकालाई विकसित मुलुकका वालवालिकाहरू सँग प्रतिस्प्रर्धा गर्न सक्ने बनाउन उनीहरूलाई समय सुहाउदो आवश्यकता अनुसारको ज्ञान, सीप र प्रकृति प्रदान गर्न सक्ने गुणस्तरीय शिक्षा दिनु आवश्यक छ । उक्त सक्षम र दक्ष जनशक्ति उत्पादन गर्नको लागि प्रभावकारी शिक्षण सिकाइको जरुरी पर्दछ । शिक्षण एक पेशा हो । शिक्षण पेशालाई सफलतापूर्वक कार्यान्वयन गर्नु गराउनु शिक्षकको काम हो । शिक्षकका

लागि विभिन्न शिक्षकमा गुणहरूको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको मानवीय व्यवहार सँगको प्रत्यक्ष अर्न्तर्क्रिया हो । मानवीय क्रियाकलाप सँगको अर्न्तरक्रिया सबै कार्यहरू भन्दा गाह्रो कार्य हो । यसका लागि शिक्षकमा विशेष कलाको आवश्यकता पर्दछ । त्यसैले भनिन्छ, “शिक्षण कला  हो, र शिक्षक एक कलाकार हो” (शर्मा एण्ड शर्मा)

शिक्षण सिकाइ कार्यनीति भनेको कार्यको त्यस्तो रुप हो । जुन कुनै उद्देश्य प्राप्तिको लागि प्रयोग गरिन्छ साथै यसले कुनै कार्यलाई रक्षा समेत गर्दछ । (B.O smith) According to the colling English dictionary 1968 का अनुसार रणनीतिको शाब्दिक अर्थ "युद्धकौशल वा यसद्धकौशल हुन्छ" ।

रणनीति सेनाको विज्ञान बाट लिएको भन्दै इनसाइको पेडियामा भनिएको छ कि रणनीति भनेको योजना तथा निर्देशनयुक्त कलाको विज्ञान हो । जसरी सेनाले भीषण युद्धमा पनि आफ्नो रणकौशलको प्रयोगरि सफलता प्राप्त गर्न सक्छ ठीक त्यसै गरी शिक्षकले पनि कठिन भन्दा कठिन परिस्थितिमा पनि आफूमा निहित विभिन्न कौशलहरूको प्रयोग गरि विद्यार्थीलाई आफूले राखेको उद्देश्यमा पारङ्गत गराउन प्रयोग गर्ने कलायुक्त तरिकालाई शिक्षणका रणनीति वा कार्यनीति भनिन्छ ।

शिक्षण सिकाई रणनीति पाठ्यक्रमको एक समान्यंकृत योजना हो । जसमा अपेक्षित ब्यवहार-अनुरुप व्यवहारलाई परिवर्तन गर्नको लागि शैक्षणिक क्रियालापलाई उद्देश्यका रुपमा लिइको हुन्छ । यसलाई प्राप्त गर्न र लागु गर्नकालागि आवश्यक युक्तिहरूको रुपरेखा समेत सम्मिलित गरिएको हुन्छ (स्टोन एण्ड मेरिस)

नेपालमा केही दशक अगाडिदेखि शिक्षक  शिक्षण योजनाहरू भएतापनि त्यसको उपलब्धि सन्तुष्टिपूर्ण हुन नसकेको कुरा अनुसन्धानले देखाएको पाइन्छ । नेपालमा शिक्षकहरूको मुख्य कमजोरी वास्तविक कक्षा कोठाको अवस्था- सँग उचित कार्यनीतिको प्रयोग गर्न नसक्नु हो । शिक्षक शिक्षण आयोजनाले राष्ट्रिय उद्देश्य तथा विद्यालयको पाठ्यक्रमबीच तालमेलको कमिको कारणले प्रयोगात्मक सीप भन्दा शैक्षिक ज्ञान जुटाउन जोड दिएको पाइन्छ । नेपालमा दिइने तालिमले स्थानीय समुदायको आवश्यकता परिपूर्ति गर्न सकेको देखिर्दैन । अन्य पेशा नभएपछि जतातत‌ै काम नलाग्ने शिक्षक बन्ने प्रवृत्ति थियो भने अर्को तर्फ जोसुकै पनि यस क्षेत्रमा संलग्न हुने र त्यसलाई सरोकारले पनि वढावा दिनाले शिक्षाको गुणस्तर खस्कदै जानुको कारण नेपालमा

अहिले ३९.९ प्रतिशत (विद्यालय तहको शैक्षिक तथ्याङ्क २०६०) माध्यमिक तहमा तालिम प्राप्त हुनुले प्रमाणित गर्छ । तालिमले जति मात्रामा शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्नुपर्ने हो, त्यति मात्रामा हुन सकेको पाइदैन ।

शिक्षकले तालिमबाट सिकेको ज्ञान र सीपहरू कक्षाकोठामा रुपान्तरण गर्न सकेको पाइदैन । शिक्षण पेशालाई सफल र मर्यादित पेशाका रुपमा स्थापित गर्ने शिक्षकका पेशागत क्षमताको आवश्यकता पर्दछ । तालिम प्राप्त शिक्षकहरु समाजका आवश्यकता परिपूर्ति गर्ने प्रयोगात्मक सीपहरूको कमी भएको देखाएको थियो ? शिक्षकले तालिमबाट सिकेको ज्ञान र सीपहरू विद्यार्थीहरूलाई हस्तान्तरण गरी सिकाई प्रभावकारी वनाउनु पर्ने आशा गरे पनि शिक्षकले अभ्यास र प्रयोग गर्ने सकेको पाईदैन । असल शिक्षक वन्नको लागि व्यक्तिगत, सामाजिक र शैक्षिक गुणहरू हुनु आवश्यक छ । (ढकाल २०५२) ले सफल शिक्षको लागि प्रत्येक शिक्षकमा विषयवस्तुको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण विधि र शिक्षण सामग्रीको ज्ञान, जिज्ञासु एवम् अध्ययनशीलता जस्ता गुण हुनुपर्ने कुरा उल्लेख गरेका थिए । शिक्षण सिकाई रणनीतिको प्रयोग उचित तरिकाले प्रभावकारी रुपमा प्रयोग गर्नु पर्दछ । शिक्षण सिकाइ कियाकलाप उद्देश्यअनुसार प्रभावकारी र रोजक बनाउनु शैक्षिक सामग्री तथा उचित शिक्षण विधिको छनोट अत्यन्त महत्वपूर्ण हुन्छ तर यति हुँदा-हुँदै पनि विद्यालय तहमा हुने विभिन्न कमी कमजोरीहरू तालिम अप्राप्त शिक्षक, नाजुक भौतिक अवस्था एवम् आर्थिक अवस्थाले गर्दा व्यावहारिक रुपमा शैक्षिक सामग्रीको सही र उचित ढंगमा प्रयोग हुन सकेको पाइदैन ।

आज विश्वभरिनै शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिहरूको बारेमा नयाँ-नयाँ अध्ययन र अनुसन्धान भई शिक्षकका गुण र विशेषताहरू एवम् शिक्षकको व्यवहार सम्बन्धि कुराहरू आउने क्रम जारी छ । शिक्षण विधि, प्रकृया, क्रियाकलाप, मूल्याङ्कनका सम्बन्धमा समय -समयमा अध्ययन अनुसन्धान पनि भइरहेको पाइन्छ । शिक्षकको क्षमता विकासमा आधारित र स्थानिय आवश्यकतामा आधारित शिक्षकतालिम दिई विशिष्ट व्यवहारको विकास गर्ने प्रयास नेपालमा गरिरहेको पाइन्छ ।

## १.२. अध्ययनको औचित्य :

शिक्षण एक कला हो र शिक्षक एक कलाकार हो । (शर्मा एण्ड शर्मा) एउटा असल र सफल शिक्षकले जस्तो सुकै चुनौतिलाई पनि सहज र सरल रुपमा लिई सफलता हाँसिल गन कला हुर्नु

पर्दछ । त्यसका लागि उपयुक्त शिक्षण सिकाइ कार्यनीतिको छनोट गर्नु पर्दछ । शिक्षण कार्यनीति पाठ्यवस्तुको एक सामान्यकृत योजना हो जसमा अपेक्षित व्यवहार अनुरुप व्यवहारलाई परिवर्तन गर्नका लागि शैक्षणिक क्रियाकलापलाई उद्देश्यको रुपमा लिएको हुन्छ साथै यसलाई प्राप्त गर्ने र लागु गर्नको लागि आवश्यक युक्तिहरुको रुपरेखा समेत सम्मिलित पारिएको हुन्छ । शिक्षण सिकाई कार्यनीतिले शिक्षकलाई प्रभावकारी, व्यावहारिक र उद्देश्यपूर्ण शिक्षण सिकाइका लागि मार्ग- निर्देश गर्दछ । यति हुँदा -हुदै पनि शिक्षकमा आफुमा ज्ञानको कमीका साथै अल्छिपनाले गर्दा उपयुक्त शिक्षण कार्यनीतिको चयन गर्न नसक्नाले शिक्षण कार्य प्रभावकारी र उद्देश्यपूर्ण नभएको पाउन सकिन्छ ।

शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक तालिमलाई एक अनिवार्य शर्तको रुपमा स्विकारिएको छ । साक्षर बनाउनु भन्दा पनि गुणात्मक शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो । शिक्षाको विकासको लागि विभिन्न समयमा विभिन्न किसिमका आयोजना सँचालन हुँदै आएको पाइन्छ । चितवन जिल्लाको भरतपुर नगरपालिका अर्न्तगत लंकु स्रोत केन्द्रका सामुदायिक विद्यालयहरूमा सँचालन गरिने यो अध्ययनको मुख्य औचित्य तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिको तुलनात्मक अध्ययन गर्नु हो भने यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा सम्बन्धित विद्यालय परिवारलाई आ- आफ्नो कमी कमजोरी पत्ता लगाई शिक्षामा रहेका असमानतालाई सुधार गर्न कक्षा कोठामा प्रयोग गरिने कार्यनीतिमा सुधार ल्याई विद्यार्थी उपलब्धि वृद्धि गर्न र तालिम अप्राप्त शिक्षकलाई तालिमको लागि सम्बन्धित पक्षलाई आवश्यक सुझाव दिन सहयोग पुऱ्याउने आशा गरिएको छ । प्राप्त सूचना कै आधारमा अभिभावक, शिक्षक, विद्यार्थी, जिल्ला शिक्षा कार्यलय, क्षेत्रीय शिक्षा निर्देशनालय शिक्षा विभाग र शिक्षा मन्त्रालय जस्ता सघं संगठनलाई आवश्यक योजना, रणनीति निर्माण र कार्यान्वयनमासमेत सहयोग पुग्ने आशा गरिएको छ । यसै गरी तालिमप्राप्त शिक्षकहरूलाई विद्यार्थीमा अन्तरर्निहित क्षमताको पहिचान गरी उनिहरुको शारीरिक मानसिक एवम् वौद्धिक पक्षको विकास गर्न विद्यार्थीको प्रतिभा, रुचि, सिकाई, कमजोरी र व्यवहारका बारेमा जानकारी लिन, उनीहरूको इच्छा आकाक्षा चाहान अनुसार शिक्षण गर्ने, विद्यार्थीहरुको वयैक्तिक मूल्याङ्कन गर्ने, शिक्षण सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता गराई सफल शिक्षक हुनको लागि समेत यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । साथै तालिमले नै शिक्षकलाई उपयुक्त शिक्षण कार्यनीति को प्रयोग गर्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।

**१.३ समस्या कथन :**

समाधान  विनाको समस्या हुँदैन । आजको जटिल दुनियामा शिक्षा एकमात्र त्यस्तो साधन हो जसले मानिसका सामु आइपर्ने यावत समस्याहरूको समाधान गर्न सक्छ । शिक्षण पेशा ज्यादै जटिल र चुनौतिपूर्ण पेशा हो । विद्यालयमा लेख-पढ गर्न आउने बालबालिका भिन्न भिन्न परिवेशवाट आएका हुन्छन् । उनीहरूको रुचि, इच्छा, चाहना, उमेर भाषा बालमनोवैज्ञानिक बुझेर सोही अनुसारको शिक्षण गर्नु एक असल शिक्षकको कर्तव्य हुन्छ । शिक्षण सिकाई रणनीतिले प्रभावकारी शिक्षणका लागि मार्गनिर्देशन गर्दछ । शिक्षकले कक्षाकोठामा  प्रवेश गर्नुपुर्व नै आफूले कुन् विषयवस्तुको शिक्षण गर्ने हो र त्यसको लागि कुन् विधि र कस्तो शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी हुन्छ भन्ने कुराको योजना तयार गर्नुपर्ने हुन्छ तव मात्र शिक्षण कार्यमा कुनै अवरोध आउँदैन । उचित शिक्षण कार्यनीतिले शिक्षण कार्यमा कमवद्धता कायम गर्न सहयोग पुऱ्याउछ । शिक्षकले विविधताको सिद्धान्तलाई ध्यानमा राखी विधितय गर्ने हुँदा कक्षामा रहेका सबै मनस्थितिका विद्यार्थीहरू विषयवस्तु ग्रहण गर्न सक्षम हुन्छन् । उद्देश्यका आधारमा विभिधहरू तथा शैक्षिक सामग्रीको छनोट गरी शिक्षक कक्षा शिक्षणमा लागेमा मात्र उद्देश्यपूर्ण, प्रभावकारी र व्यवहारिक शिक्षण सम्भव हुन्छ । शिक्षामा आज विश्वले कयौं प्रगति गरिसकेको अवस्थामा पनि हाम्रो देशमा पुरानो तथा परम्परा शिक्षण प्रणालीले जरो गाडेको अवस्था रहेको पाइन्छ । पुरानै शिक्षण कार्यनीतिहरु प्रयोगमा छन् । नयाँ विधि तथा प्रविधिहरूको प्रयोग नगन्य मात्रामा भएको पाइन्छ । यसो हुनुमा विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका समयमा नै नपुग्नु र कतिपय दुर्गम भेगका सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पनि समयमा नै नपुग्नु साथै विद्यालयमा तालिम अप्राप्त शिक्षक हुनु पनि हो ।

विद्यालयमा पाठ्यक्रमले निर्धारण गरेका सिकाई उपलब्धिहरू हाँसिल गराउन र शैक्षिक उपलब्धि बढाउन उच्च शैक्षिक योग्यता र तालिम प्राप्त शिक्षकहरुको निर्णायक भूमिका रहन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक तालिमको सुरुवात राणा प्रधानमन्त्री पद्म शमशेरको पालामा (२००२/०५) देखि भएको पाइएतापनि वातावरण सुदृढ नहुनु, तालिम प्राप्त शिक्षकहरूले पनि उपलब्धपूर्ण दक्षता देखाउन नसकेको कारण गुणस्तरीय शिक्षा प्रदान गर्न सकिराखेको अवस्था छैन । एक अध्ययन प्रतिवेदन अनुसार तालिम प्राप्त शिक्षकहरूले अध्यापन गराएका विद्यार्थीहरूको शैक्षणिक उपलब्धी उच्च रहेको छ । उक्त प्रतिवेदन अनुसार ३६.३ प्रतिशत तालिम प्राप्त शिक्षकहरू मात्रै दैनिक पाठयोजना वनाएर कक्षाकोठामा प्रवेश गरेको पाइन्छ, भने

२८.८ प्रतिशत शिक्षकहरूले कक्षाकोठाको उपयुक्त व्यवस्थापन गरेको देखिदैन, (CERID, 2003) त्यसै गरी ३६.१ प्रतिशत शिक्षकले आफू कक्षा कोठामा सक्रिय भइकन पनि विद्यार्थीलाई सक्रिय रुपमा सहभागगिता गराएको पाइएन् । यसले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धि उच्च हुन सकेन । यसै गरी (CERID, २०४७) को अध्ययनले तालिम अप्राप्त शिक्षको कक्षा नियन्त्रणमा ८४ प्रतिशत शिक्षकको कोठामा हल्ला, झगडा समयमा कक्षा नआउने र अटेरी विद्यार्थीलाई शिक्षकले शारीरिक सजाय गर्ने उल्लेख गरिएको छ । जसलाई यस अध्ययनले समस्याको रुपमा लिएको छ । सरकारी तथा गैर सरकारी संघसस्थाले समय समयमा शिक्षकहरूलाई विभिन्न किसिमका तालिका संचालन गरी रहेको पाइन्छ । ती तालिमबाट शिक्षकको पेशागत अभिवृद्धि गर्ने, प्रभावकारी शिक्षण गर्ने, सिकाइको उद्देश्यहरू पूरा गर्ने शैक्षिक प्रविधिको विकास गर्ने बालमनोविज्ञान र शिक्षण विधिको आधारमा विद्यार्थीहरुका आश्वयकता अनुसाको ज्ञान, सीप र प्रविधिको विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने उद्देश्य लिएको हुन्छ तर जति मात्रामा तालिम लिएतापनि तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले शिक्षण गर्दा विद्यार्थीको रुचि एंव चाहाना अनुरुप शिक्षण नहुनु प्रभावकारी शिक्षणको अभाव हुन, सामाजिक एंव मनोविज्ञानका आधारमा शिक्षण गर्न नसक्नु, शिक्षण विधि र मूल्याङ्कनमा नयाँ प्रविधि नअपनाउनु र विद्यार्थीहरुको व्यवहारमा परिवर्तन ल्याउन नसक्नु यस अध्ययनले समस्याको रुप लिएको छ ।

**१.४. अध्ययनको उद्देश्य :**

क) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिहरू पहिचान गर्ने ।

ख) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको विश्लेषण गर्ने ।

ग) कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी वनाउने उपायहरू पेश गर्ने ।

**१.५. अनुसन्धानात्मक प्रश्नहरू:**

(क) तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षण विधिको प्रयोगमा कस्तो अन्तर छ ?

(ख) तालिम प्राप्त र अप्राप्त शिक्षकको शैक्षिक सामग्रीको प्रयोगमा कस्ता अन्तर छन् ?

(ग) तालिम प्राप्त र अप्राप्त शिक्षकको विद्यार्थी मूल्याङ्कन गर्ने तरिकामा कस्तो अन्तर छ ?

(घ) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले शिक्षण सिकाइ कार्यनीतिहरूको प्रयोग गर्दा देखिएका समस्याहरू के के हुन ?

(ङ) शिक्षण सिकाई कार्यनीतिलाई प्रभावकारी बनाउने आवश्यक उपायहरु के के हुन सक्दछन ?

## १.६. अध्ययनको परिसिमा :

यो अध्ययन शिक्षासँग सम्बन्धित भएकोले यसको क्षेत्र वृहत र व्यापक छ । कुनै पनि अध्ययन अनुसन्धानको सीमा विशेष गरी दुई वटा कुराले निर्धारण गर्दछ । एउटा भौतिक क्षेत्र र अर्को शैक्षिक क्षेत्र । देशका सम्पूर्ण विद्यालयहरूमा कार्यरत तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अवस्था तुलना गर्न यो अध्ययन पर्याप्त हुन सक्दैन तसर्थ यो अध्ययन कार्य आर्थिक, भौगोलिक समय र साधनस्रोतको अभावका कारणले निम्न सीमाभित्र रही सँचालन गरिने छ । यो अध्ययन चितवन जिल्लाको भरतपुर नगरक्षेत्र अर्न्तगतका ६ ओटा सामुदायि विद्यालयका १७४ तालिम प्राप्त र ३८ तालिम अप्राप्त शिक्षकहरू मध्ये उद्देश्यमूलक नमूना छनोट विधिद्वारा छनोटमा परेका ३ जना तालिम प्राप्त र ३ जना तालिम अप्राप्त शिक्षकले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरू जस्तै, विद्यार्थी उत्प्रेणा, कक्षा नियन्त्रण, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग, कक्षाकोठामा विद्यार्थी सहभागिता वातावरण, पाठको अन्त्य, मूल्याङ्कन,पृष्पोषण, गृहकार्य जस्ता पक्षहरुको अवलोकन गरी प्राप्त सूचनाको आधारमा व्याख्या तथा विश्लेषण गरि तोकिएको उद्देश्यहरूलाई पूरा गर्ने गरी यो अध्ययनको परिसिमा तोकिएको छ ।

## १.७ परिभाषित शब्दावली :

**क) तालिम प्राप्त शिक्षकहरूः** तालिम प्राप्त शिक्षक भन्नाले शिक्षाशास्त्र सँकायवाट आई.एड्, वि.एड् वा एकवर्ष वि.एड् उत्तीर्ण गरेको अथवा १० महिने तालिम लिएको व्यक्तिलाई बुझाउँछ ।
**ख) तालिम अप्राप्त शिक्षकहरूः** तालिम अप्राप्त शिक्षकहरू भन्नाले शिक्षा विषय नलिएका र शिक्षकका लागि तोकिएको तालिम समेत नपाएकाहरूलाई जनाउँछ ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनवरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन :

शिक्षाले व्यक्तिको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई समय सापेक्ष आफूलाई समायोजन गर्न मद्दत गर्दछ । त्यस्तै प्रविधिले व्यक्तिलाई नयाँ -नयाँ ज्ञानको खोजीमा डोऱ्याउने र अझ ज्ञानको भण्डार परिष्कृत बनाउँदै लैजान्छ । शिक्षकको व्यवहार सिकाई प्रकृिया त्यतिवेला प्रभावकारी बनाउँन सकिन्छ जुन वेला शिक्षकहरू आफ्नो पेशाप्रति उत्प्रेरित भैरहेका हुन्छन् र आफूलाई विषयवस्तु र शिक्षण सीपमा पुनँर्ताजकी गरिरहेका हुन्छन । सिकेका ज्ञानलाई व्यवहारमा उतार्न सिकाईने विभिन्न क्रिंयाकलापलाई तालिम भनिन्छ । तालिमले शिक्षकको व्यवहारमा परिवर्तन ल्याउँछ र कार्य सम्पादन सरल ढंगबाट गर्न सकिन्छ । तसर्थ यस एकाईमा विभिन्न सिकाईबाट शिक्षक तालिम(सम्बन्धीत साथै) कार्य नीतिसँग सम्बन्धित विषयमा गरिएका खोज अनुसन्धान र विभिन्न आयोगका प्रकाशित र अप्रकाशित लेखरचना एवम् कृतिहरूको ज्ञान हुन सान्दर्भिक भएकोले प्रस्तुत अध्ययनमा विभिन्न पुस्तक, लेख साहित्य, कृति साहित्य, अप्रकाशित प्रतिवेदन तथा पत्रपत्रिकावाट पूर्व साहित्यको पुनरावलोकन गरिएको छ ।

सुवेदी, (२०६०) का अनुसार राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०४९ ले प्रशिक्षण नीतिमा विद्यालय तहको शिक्षण पेशामा प्रवेश गर्ने शिक्षण प्रशिक्षण अनिवार्य गर्न हाल शिक्षण पेशामा प्रवेश गरिसकेका तर तालिम नभएका शिक्षकहरूलाई अनिवार्य रुपमा तालिम दिने व्यवस्था मिलाउने, तालिमप्राप्त शिक्षकहरूलाई तलव दिने तथा अन्य सुविधाहरू तालिमको अनुसार मिलाउँदै लैजाने, शिक्षक प्रशिक्षक मा महिलाहरूलाई ग्राहयता दिने र विभिन्न तहको शिक्षकहरूका लागी प्रशिक्षण कार्यकमहरू निर्धारण गर्ने जस्ता कुराहरू उल्लेख गरेको पाइन्छ ।
NCED, (2004) ले तालिम प्रदायक संस्थाहरूमा गरेको अनुसंन्धानबाट धेरै जसो तालिम प्रदायक संस्थाहरूमा भौतिक सुविधा र शैक्षिक सामग्रीको अभावरहेको, प्रशिक्षकले आवश्यक तालिम प्राप्त गरेका छन्, र कक्षालाई योजनावद्ध ढङ्गले संचालन गरेका, शैक्षिक सामग्री र कक्षाकोठाको व्यवस्थापन कमजोर रहेको, प्रौढ शिक्षकहरू तलिमप्रति उदासीन भएको र

प्रशिक्षकलाई आवश्यक पर्ने तथा प्रशिक्षार्थीलाई आवश्यक पर्ने सन्दर्भ सामग्री यथेष्ट नभएको कुरा उल्लेख गरेको छ ।

पौडेल (२०६७)मा उद्वत गरे अनुसार शैक्षिक जनशक्ति विकास केन्द्रले (२०००) मा गरेको अध्ययन अनुसार प्रशिक्षकले शिक्षकका लागि नमुनाको रुपमा प्रस्तुत हुन नसकेको कुरालाई औंल्याएको छ । प्रशिक्षकको तयारी प्रभावकारी देखिएका छैनन् । भौतिक सुविधा कम भएको, विद्यार्थीहरू वढी भएको कारणबाट तालिमका सिकेका कुराहरू हस्तान्तरण हुन सकिेको छैन । कतिपय कुराहरू उत्तर दिन सक्ने तर आफूले दिएको उत्तरकै आधारमा कक्षामा सीप प्रयोग गर्न नसकेको देखियो । आफ्नो पेशा प्रति प्रतिवद्ध र उत्पय्रेणा नभएको कारणबाट पनि शिक्षकहरु तलिम प्रति उदासीन रहेको देखियो ।

पौडेल (२०६७)मा उद्वत गरे अनुसार कुँवर (२०६६) का अनुसार हाम्रा विद्यालयहरूमा केवल इकाई, त्रैमासिक र वार्षिक परीक्षालाई मूल्याङ्कनका साधनका रुपमा लिने गरेको छ । शिक्षण सिकाइ कृियाकलाप सञ्चालन गर्दा देखिने वार्षिक परीक्षासम्म अनेक प्रकारका मूल्याङ्कनका साधनहरुको प्रयोग गरिदैन । यसका लागि शिक्षकलाई पनि उपयुक्त तालिमको अभाव रहेको पाइन्छ भने अर्को -तर्फ शिक्षकले पनि मूल्याङ्कनको मर्म बुझेको पाईंदैन । शिक्षकहरूबाट पास फेलको मूल्याङ्कनलाई मात्र अंगीकार गरेको पाइन्छ । यस्को मुख्य कारण उपयुक्त तालिमहरूको अभाव नै हो ।

According to the colling English dictionary १९६८ मा उल्लेख गरिएअनुसार रणनीति वा कार्यनीतिको शाब्दिक अर्थ युद्धकाल वा युद्धकौशल हुन्छ । सेवाको विज्ञानबाट लिइएको भन्दै इन्साइक्लेपीडीयामा भनिएको छ कि रणनीति (कार्यनीति) भनेको योजना तथा निर्देशन युक्त कलाको विज्ञान हो भनि उल्लेख गरिएको छ । जसरी सेनाले भीषण युद्धहरूमा पनि आफ्नो रणकौशलको प्रयोग गरि सफलता प्राप्त गर्न सक्छ  ठीक त्यसैगरी शिक्षकले पनि कठीन भन्दा कठीन परिस्थितिमा आँफूमा निहित विभिन्न कौशलहरुको प्रयोग गरी विद्यार्थीहरूलाई आँफूले राखेको उद्देश्यमा पारंगत गराउन प्रयोग गर्ने तरिकालाई शिक्षणका रणनीति भनिन्छ ।

स्टोन एण्ड मेरिस का अनुसार शिक्षण रणनीति वा कार्यनीति पाठ्यवस्तुको एक सामान्यकृत योजना हो जस्मा अपेक्षित व्यवहारअनुरुप व्यवहारलाई परिवर्तन गर्नका लागि शैक्षणिक

क्रियाकलापलाई उद्देश्यका रुपमा लिइएको हुन्छ साथै यसलाई प्राप्त  गर्नका लागि आवश्यक युक्तिहरुको रुपरेखा समेत सम्मिलित गरिएको हुन्छ । (पौडेल, २०६०, ५७) ।

शिक्षण सिकाई प्रक्रिया भनेको विद्यार्थी र शिक्षक बिचको सुमधुर अर्न्तक्रिया हो । विगतको समयमा शिक्षण विधि एउटा विद्यार्थीको खाली दिमागमा शिक्षकले आवश्यक सुचनाहरू भरिदिने कार्यमा सिमित थियो । र थोरै मात्रमा खोज कार्य वा शिक्षण सिकाईको सहयोगीको रूपमा दिने गरिन्थ्यो । वर्तमान समयमा धेरै शिक्षण विधिहरू प्रयोगमा आएका छन्, जसले विद्यार्थीहरुलाई विभिन्न सूचनाहरू प्रदान गर्दछन् । यस्ता विधिहरुले एउटा व्यक्ति, ठूलो समुह वा सानो समुह बिचको  अर्न्तक्रिया द्वारा सिकाईलाई अगाडी बढाएको हुन्छ । साथै सिकारूले आफैले गरेर सिक्ने वातावरण सिर्जना भएको हुन्छ । विद्यार्थी आफै व्यक्तिगत गरिरहेको हुन्छ र शिक्षण सिकाईको अवस्थामा आफूले आफैलाई लगाम लगाई रहेको हुन्छ । र आफूलाई आफै परिक्षण गरिरहेको हुन्छ ।    Encylopedia - Dictionary of Eduction, D.R. Singh common wealth

शैक्षिक जनशक्ति विकास केन्द्रले (१९९६) मा गरेको एक अध्ययनमा बहुसङ्ख्यक तालिम प्राप्त शिक्षकहरूले तालिममा सिकेका कुराहरू कक्षाकोठामा प्रयोग गर्न नसकेका कुरा देखाएका छन् । एक  तिहाई शिक्षकहरूले मात्र शैक्षिक सामग्री र पाठयोजना वनाएको देखिएको छ । तालिम प्राप्त र अप्राप्त  शिक्षकहरूको कार्य सम्पादन खासै फरक नभेटिएको कुरा देखिएको छ ।

डंगोल (१९७६) का अनुसार प्राथमिक तहको सामाजिक  विषयमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरू द्धारा गरिने शिक्षण क्रियाकलाप, मूल्याङ्कन, शैक्षिक सामग्रीको प्रयोग, तुलनात्मक अध्ययनमा तालिम अप्राप्त भन्दा तालिम प्राप्त शिक्षकले प्रवचन विधि प्रभावकारी रुपमा सँचालन गरेको, नाटकीय ढंगबाट अध्ययन गरेका, शैक्षिक सामग्रीहरूको प्रभावकारीपूर्ण तरिकाले प्रयोग गरेको र मूल्याङ्कन साधनमा परीक्षा, प्रयोगात्मक, गृहकार्य, अवलोकन, अर्न्तवार्ता, आदिको प्रयोग र कक्षाकोठा प्रभावकारी किसिमले व्यवस्थापन गरेको निष्कर्ष निकालेका छन् ।

संजिव पौडेल (२०६७), शिक्षा योजना तथा व्यवस्थापन विभागले "तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षाकोठाको व्यवहार" नामक सोध पत्र विद्यालय शिक्षामा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा कोठा व्यवहारको लेखा जोखा गर्ने । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा कोठाको व्यवहारमा देखा परेका समस्याहरू पत्ता लगाउने र कक्षा कोठाको

व्यवहारलाई प्रभावकारी वनाउन उपायहरू पेश गर्ने उद्देश्य राखिएको अध्ययनमा आफ्नो उद्देश्यपूराका लागि उद्देश्यात्मक नमुना छनोट विधि प्रयोग गरी व्याख्यात्मक एवम् विश्लेषणात्मक रुपले व्याख्या विश्लेषण गरिएको गुणात्मक प्रकृतिको छ ।

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षाकोठाको व्यवहारको तुलनात्मक अध्ययन गर्दा तालिम प्राप्त शिक्षकहरूले तालिम अप्राप्त शिक्षकहरूको तुलनामा प्रवचन र छलफल गरेर पूर्वपाठको समीक्षा गर्ने गरेको, गृहकार्य जाँच्ने सम्बन्धमा तालिम प्राप्त शिक्षकहरूले शिक्षण पछि फुर्सदको समयमा कपीहरू अफिसमा लगी जाँच्ने र फिर्ता गर्ने गरेका छन् । तालिक अप्राप्त शिक्षकले कक्षा कोठा शिक्षण समयमा नै कपी जाँच गरी फिर्ता गरेको, कालोपाटी र शैक्षिक सामग्रीको प्रयोग, प्रश्नउत्तर विधिको प्रयोग र पाठको अन्त्यमा गरिने क्रियाकलापहरूमा तालिम प्राप्त शिक्षकहरूले तालिम अप्राप्त शिक्षकहरूको तुलनामा व्याख्यान विधिको प्रयोग र प्रवचन गरेर विषयवस्तुलाई प्रष्ट्याउने गरेको तथा दुबै किसिमका शिक्षकहरूले खुल्ला प्रश्न वढी सोधी मूल्याङ्कन गर्ने गरेको तर लिखित मूल्याङ्कन नगर्ने गरेका छन् ।

तालिम प्राप्त र अप्राप्त शिक्षक दुवैबचि चारैतिर घुमेर शिक्षण गर्ने, विश्वका घटनाहरू सँग सम्बन्धित गरेर शिक्षण गरेको उधाहरण दिएर विषयवस्तु प्रष्ट्याउने ठीक समयमा कक्षा सुरुवात गरेको छलफल र व्याख्या विधिको प्रयोगमा समानता रहने थियो । पाठयोजना वनाएर, पूर्व तयारीका –साथ कक्षा सँचालन, कालोपाटीमा गृहकार्य लेखेको, कालो पाटीमा कियाकलाप गर्ने लगाएको, खालीठाउँ भर्ने र ठिक छ ? छैन प्रश्न सोधेर मूल्याङ्कन गर्ने गरेको सम्बन्धमा तालिम प्राप्त शिक्षकले मात्र गरेका छन् ।

माथि उल्लेखित विभिन्न समयमा गरेका अध्ययन अनुसन्धानले तालिमकको प्रयोगले तालिम प्राप्त शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गरी प्रभावकारी शिक्षण गर्न सहयोग पुऱ्याउने कुरामा जोड दिइको पाइन्छ । तालिम प्राप्त शिक्षकले तालिम अप्राप्त शिक्षकको तुलनामा शैक्षिक सामग्रीको प्रभावकारी पूर्ण तरिकाले प्रयोय गरेको, पाठको प्रस्तुतिकरण, शिक्षण विधि, तथ्याङ्क, प्रयोगात्मक, गृहकार्य, अवलोकन, पाठको अन्त्य र कक्षाकोठाको व्यवस्थापन राम्रो र प्रभावकारी तरिकाले गरेको निष्कर्ष निकालेका छन् । के साच्चै नै तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले प्रयोग गर्ने कार्यनीतिहरु बिच भिन्नता रहेको छ ? तालिम प्राप्त शिक्षक बढि सकारात्मक रहेको

अध्ययन अनुसन्धाले देखाएको र वास्तवमा त्यस्तो पाउन सकिन्छ वा सकिदैन भनी निष्कर्ष पत्ता लगाउन यो अध्ययन गरिएको छ ।

## २.२ **सैद्धान्तिक खाका** :

यस अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्न शिक्षाविद फेडेरिक हरवर्ग (1950) को मोटिभेसन हाइजिन सिद्वान्त, मेरी पार्कर (१९५०) को मानव सम्बन्ध सिद्धान्त र एफ डवल टेलरको (१९११) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई आधार मानिएको छ ।

फेडेरिक हरवर्ग ले सन् १९५० को अन्त तिर एउटा सिद्धान्तको विकास गरेका थिए । जसलाई "मोटिभेसन हाइजिन सिद्वान्त" को रुपमा चिनिन्छ । यस सिद्धान्तलाई फ्याक्टर टू फ्याक्टर सिद्वान्त पनि भनिन्छ । यस सिद्धान्तकाअनुसार आरोग्य वा असन्तुष्ट तत्व र उत्प्रेरक वा सन्तुष्ट तत्वका रुपमा विकास गरेका छन् । आरोग्य वा असन्तुष्ट तत्व कामदारको कार्य वातावरण सँग सम्बन्धित छ । कार्यसँग सम्बन्धित सम्पूर्ण तत्व र कार्य बातावरणमा जति पनि देखा पर्दछन् ती सबै आरोग्य तत्व हुन् । यस्ता तत्वको अभाव कर्मचारीहरू उत्प्रेरित हुन सक्दैन्न् । आरोग्य तत्वहरू विद्यमान रहेसम्म कर्मचारिहरूमा असन्तुष्टी रही रहन्छ । उत्प्रेरीत तत्वको उपस्थितिमा कर्मचारीमा असन्तुष्टी रहँदैन तर पनि राम्रो काम गर्नेतर्फ उप्रेरित हुँदैन । साथै यसले कर्मचारीको काम प्रति विस्तार र विकास नगरे तापनि कर्मचारीमा संस्थागत घाटा पुऱ्याउने काम भने हुँदैन । यसरी यी तत्वले मानिसलाई उत्प्रेणा नदिए पनि असन्तुष्टी चाही दिन्छ । कम तलवलाई असन्तुष्टीको कारण वताउने कर्मचारीले बढी तलव सन्तुष्टीको स्रोत मानेको पाइएन । यसैले कर्मचारी सन्तुष्टी हुनु भनेको असन्तष्टी नहुनु मात्र रहेछ भन्ने तथ्य यस सिद्धान्तले दिएको छ । सफा स्वच्छ अनि आरोग्यताको लागि आवश्यक छ तर रोग निदानका लागि होइन भन्ने तर्कलाई हर्जवर्गले अघि सारेका छन् । यसै गरी उत्प्ररेणा तत्व वा सन्तुष्ट तत्व संगठनमा कर्मचारीलाई काम प्रति प्रोत्साहन पुऱ्याउने सम्पूर्ण तत्वहरू उत्प्रेरक तत्व अर्न्तगत पर्दछन् । यी तत्वहरू विद्यमान रहेका खण्डमा कर्मचारीमा आत्मा सन्तुष्टी प्राप्त हुन्छ र राम्रो कार्य गर्नेतर्फ प्रेरित हुन्छन् । यसर्थ यी तत्वलाई सन्ततुष्टी तत्व मानिएको हो । उत्प्ररेणा तत्वको अभावमा आरोग्यको तत्व रहेतापनि अफराम्रो काम गर्ने कर्मचारी प्रोत्साहित हुदैन्न् तसर्थ कामदारलाई बढि भन्दा बढि प्रोत्साहन गर्न उत्प्रेरणा तत्वको आवश्यक पर्दछ । यसरी उपरोक्त सिद्धान्तअनुसार विद्यालयमा गरिने शिक्षण सिकाई क्रियाकलापमा पनि

शिक्षकहरू उत्प्रेरित हुनु जरुरी छ । शिक्षकहरू उत्प्रेरित भएमा शिक्षण सिकाई रणनीतिहरूलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउन सकिन्छ । त्यसैले यस अध्ययनलाई यस सिद्धान्तसँग जोडेर अध्ययन गरिरहेको छ ।

मेरी पार्कको जन्म सन् १८६८ मा अमेरीकाको बोस्टन शहरमा भएको हो । उनीद्धारा सन् १९५० मा प्रतिपादित "क्रियटिभ एक्सपेरिएन्स" नामक पुस्तकमा मानविय सम्बन्धका विविध पक्षमा उल्लेख गरेकी छिन् । उनका अनुसार कुनै पनि सँगठनमा कार्य गर्नेहरूका बिच राम्रो सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाडो, र स्तरीय हुने कुरा उल्लेख गरेकी छिन् । संगठनको प्रभावकारिता व्यवस्थापक र कामदारको अन्तक्रियामा भर पर्दछ । व्यक्ति पनि व्यवस्थापनको एक अङ्ग भएकोले समूह संचालन नेतृत्व, उत्पप्रेणा, सहभागिता, सञ्चार र व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सही दिशावोध गर्दछ । संगठनको उत्पादन बढाउन व्यक्तिका भावना, चाहन वुझ्हेर कामदार र प्रशासन बीचको मानवीय सम्बन्ध विकास गर्नु पर्दछ । मानवीय नाताको सम्बन्ध स्थापना गरी मनोवैज्ञानिक ढांचावाट विभिन्न मनमुटाव, झगडा, कलुशित भावनाको समाप्ति गर्नुपर्दछ । जति धेरै राम्रोसँग सँगठनमा समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध स्थापना भई कार्यमा स्तरियता एवम् प्रभावकारीता हाँसिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागिता मूलक सिद्धान्तलाई जोड दिई सामूहिक भावनाबाट नै अत्यधिक सफलता हाँसिल गर्न सकिने उनको तर्क छ ।


उनको यस सिद्धान्तलाई शिक्षण सिकाई क्रियाकलापमा पनि उपयोग गर्न सकिन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थी बीचको अन्तरक्रियालाई सुमधुर वनाई उनीहरुसँग राम्रो सम्बन्ध स्थापना गरी उनीहरूको भावना, चाहना वुझ्हेर मनोवैज्ञानिक तरिकाबाट विभिन्न मनमुटाब, रिस, झगडा आदिको समाप्ती गर्नुपर्छ । कक्षा कोठामा सामूहिक भावनाको विकास गरी विद्यार्थीहरू सँग जति राम्रो सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै शिक्षण सिकाई क्रियाकलापमा स्तरीयता एवम् प्रभावकारिता हाँसिल हुने र शिक्षण प्रक्रिया सहज, रोचक एवम् प्रभावकारी भई उद्देश्य प्राप्तिमा सहयोग गर्ने भएकोले यस सिद्धान्तलाई यस सोधपत्रको सैद्धान्तिक आधार वनाइएको छ ।

शिक्षाविद टेलर सन १८५६ मा फ्रान्समा जन्मिएका हुन् । विसौं शताब्दी तिर उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरूको भएकोले कार्य दक्षता वढाएर उत्पादन वढाउने चुनौति थियो, जसको लागि टेलरले सन १९११ मा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरी कामदारको कार्यक्षमता वढाएर उत्पादकत्व वढाउन सकिने निष्कर्ष निकालेका छन् । कार्य दक्षता वढाउनको

लागि कामदारको काम गर्ने शैलीलाई परिवर्तन गर्नु पर्ने, कामदार आफैलाई काम छान्ने अवसर दिने, कामदारलाई तालिम दिने व्यवस्थापक र कामदारबीच राम्रो सम्बन्ध सुधार र कार्यको वाँडफाँड गर्ने, वैज्ञानिक ढाँचाले ज्याला निधार्रण गर्ने र वढी काम गर्नेलाई वढी ज्याला दिनु पर्ने विषय उल्लेख गरेका छन् । उनको यस सिद्धान्तलाई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन र विद्यार्थीहरुको उपलब्धि स्तरलाई वृद्धि गर्नका लागि शिक्षकलाई तालिम दिनु पर्ने, तालिम प्राप्त शिक्षकहरूको छनोट गर्ने शिक्षकहरुलाई उचित किसिमको सेवा सुविधा दिनुपर्ने र दक्ष शिक्षकलाई अवसर दिएमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी ,सहज र रोचक वन्ने भएकोले यो सिद्धान्त यस सोधपत्रको सैद्धान्तिक आधार बनाइएको छ ।

## २.३. अवधारणात्मक ढाँचा :

यस अध्ययनका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचाको परिकल्पना गरिएको छ ।



## २.४. शैक्षिक उपादेयता :

निरक्षरलाई साक्षर वनाउनु मात्र नभइकन गुणात्मक शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो । शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रमुख आधार शिक्षक तालिमलाई मानिएको छ । विभिन्न समयमा विभिन्न व्यक्ति एवम् संस्थाले गरेको अध्ययन अनुसन्धानहरूको निष्कर्षले तालिम प्राप्त शिक्षकहरूले उचित कार्यनीतिहरूको प्रयोग (चयन) गरी प्रभावकारी एवम् रोचक तरिकाले शिक्षण सिकाई कृयाकलाप गरेको निष्कर्ष निकालेका छन् । शिक्षक तालिमले शिक्षकलाई कक्षाकोठाको व्यवस्थापन र सिकाइ प्रक्रियालाई प्रभावकारी वनाउन मद्धत गर्दछ । तालिमले नै शिक्षकलाई विद्यार्थीहरूमा रहेको अन्तरहित क्षमताको पहिचान गरी उनीहरुको शारीरिक-मानसिक एवम् बौद्विक पक्षको विकास गर्न, विदयार्थीहरूको प्रतिभा, अभिरुची, सिकाइ र व्यवहारमा जानकारी लिई उनीहरूको चाहना, इच्छा अनुरुप शिक्षण गर्ने, शिक्षण सिकाइमा विद्यार्थीहरूको सहभागिता गराउन सहयोग पुऱ्याउँछ । तालिमले शिक्षकहरूलाई पेशागत दक्षता वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न मद्वत गर्दछ भने कक्षाकोठाको सही र उचित व्यवस्थापन गर्न समेत सहयोग गर्दछ । यसै गरि तालिमले शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्न समेत मद्वत पुऱ्याउछ ।

सम्बन्धित साहित्य अध्ययनले तालिम प्राप्त शिक्षक तालिम अप्राप्त शिक्षक भन्दा शैक्षणिक कार्यमा राम्रो भएको देखाएको छ । तसर्थ यस अध्ययनलाई माथि उल्लेखित सम्बन्धित साहित्यको पुनरावलोकनवाट यस अध्ययनकोबाटो निदिर्ष्ट गर्न अध्ययनकै सैद्धान्तिक खाका निर्माण गर्न तथा अध्ययनमा समेट्नु पर्ने विषयवस्तुहरूको जानकारी प्राप्त गर्न मद्वत पुऱ्याउने कुरालाई सम्बन्धित साहित्यको शैक्षिक उपादेयताको रुपमा समेटिएको छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई सफल पार्नका लागि अध्ययन विधिको महत्वपूर्ण भूमिका हुन्छ, सो कार्य पूरा गर्ने विभिन्न तरिका र माध्यमहरू अपनाउनु पर्ने हुन्छ । व्याख्यात्मक एवम् विश्लेषणात्मक रुपमा गरिने यो अनुसन्धान तथ्याङ्कमा आधारित विचार विश्लेषणमा केन्द्रित छ । मूख्य रुपमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षाकोठा व्यवहारमा केन्द्रित यो अध्ययनले चितवन जिल्ला भरतपुर नगरक्षेत्र अर्न्तगतका सामुदायिक विद्यालयमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गर्ने कार्यनीतिहरूको अध्ययन गरियो । अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कका आधारमा व्याख्या एवम्  विश्लेषण गरियो ।

### ३.१. अनुसन्धान ढाँचा :

अध्ययन शीर्षकको प्रकृतिअनुसार यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । अध्ययनको उद्देश्य वमोजिम अनुसन्धानकर्ता स्वयम् अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई प्राकृतिक अवस्थामा बहुवास्तविकताहरूको खोज गरिएको र शाब्दिक रुपमा असाङ्खिक तथ्याङ्कहरूलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुग्ने एवम् तथ्याङ्क संकलनका साधनहरुबाट प्राप्त तथ्यलाई उत्तरदाताको अनुभव विचार, धारणा र ज्ञानलाई प्रत्यक्ष वाक्यांश रुपमा संकलन गरी अध्ययन गरिने अनुसन्धान गुणात्मक ढाँचा हो । यस अध्ययनमा पनि गुणात्मक विधिलाई केन्द्रमा राखी अध्ययन गरियो ।

यस सोध अध्ययन कार्यलाई सम्पादन गर्नको लागि निम्नानुसार अनुसन्धान ढाँचा प्रयोग गरियो ।

| क्र.सं. | उद्देश्य | सूचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाइ कार्यनीतिहरु पहिचान गर्ने । | शिक्षक<br>प्र.अ. | प्रश्नावली अन्तर्वार्ता<br>कक्षा अवलोकन |
| २ | तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको विश्लेषण गर्ने । | शिक्षक | अन्तर्वार्ता<br>प्रश्नावली |
| ३ | कक्षाकोठामा शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी वनाउने उपायहरू पेश गर्ने, | | - |

### ३.२ सूचना संकलनको स्रोत :

क) प्राथमिक स्रोत : पहिलो पटक संकलन गरिएको तथ्याङ्कका स्रोतहरू प्राथमिक स्रोतहरु हुन । जस्तै प्रत्यक्ष कुराकानी, प्रश्नावली, अन्तर्वार्ता बाट प्राप्त हुने तथ्याङ्कन । यस अध्ययनमा शिक्षक प्रधानाध्यापक प्राथमिक स्रोत हुन् ।

ख) सहायक स्रोत : पहिले नै संकलन गरिसकेका तथ्याङ्कका स्रोत हुन । जस्तै यस अध्ययनमा विभिन्न व्यक्तिहरू द्वारा लेखिएका रिपोट, रचनाबाट सूचना संकलन गरियो ।

### ३.३ नमुना छनोट :

यस अध्ययनमा नमुना छनोटको लागि उद्देश्यात्मक नमूना छनोट विधि अपनाइयो । चितवन जिल्लाको भरतपुर नगरक्षेत्रमा पर्ने ६ वटा सामुदायिक माध्यमिक विद्यालय नारायणी नमुना उच्च माध्यमिक विद्‌यालय, भरतपुर उच्च माध्यमिक विद्‌यालय, चितवन उच्च माध्यमिक विद्‌यालय बालकुमारी उच्च माध्यमिक विद्‌यालय, बालकुमारी कन्या उच्च माध्यमिक विद्‌यालय, आदिकवि भानुभक्त उच्च माध्यमिक विद्‌यालय, लाई छनोट गरिएको छ । यी विद्यालयमा भएका तालिम प्राप्त १७४ शिक्षकहरू र तालिम अप्राप्त ३८ जना शिक्षकहरूमध्ये उद्देश्यमूलक नमूना छनोटविधिद्वारा ३ जना तालिम प्राप्त र ३ जना तालिम अप्राप्त शिक्षकहरूको छनोट गरी

अध्ययनमा सामेल गरिएको छ । साथै सम्बन्धित विद्यालयका प्रधानाध्यापक लाई पनि अध्ययनमा सामेल गरिएको छ ।

### **३.४ साधनको निर्माण :**

अध्ययनको लागि सूचना संकलनको साधनको रूपमा खुल्ला प्रश्नावली, बन्द प्रश्नावली अर्न्तर्वार्ता, कक्षा अवलोकन फारम प्रयोग गरिएको छ । प्रश्नावली र कक्षा अवलोकन फारम निर्माण गरिएको छ ।

#### **३.४.१ बन्द प्रश्नावली :**

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरूको पहिचान गरी विश्लेषण गर्न साथै कार्यनीतिहरूलाई प्रभावकारी बनाउने उपायहरू पेश गर्नका लागि शिक्षक र प्रधानाध्यापकको लागि यो साधनको प्रयोग गरिएको छ ।

#### ३.४.२ **कक्षा अवलोकन फारम :**

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरूको पहिचान गरी विश्लेषण गर्न कक्षा अवलोकन फारमको प्रयोग गरिएको छ ।

### **३.५. साधनको विश्वसनीयता र वैधता :**

यस अध्ययनलाई सम्पन्न गर्न निर्माण गरिएका प्रश्नावलीहरू आफ्ना सहपाठी साथीको समूहमा छलफल गरी साधनको खेस्रा निर्माण गरिएको छ, साथै शोध निर्देशक ज्यूहरूको राय, सल्लाह लिएर छलफल परामर्श गरी शिक्षकको लागि कक्षा अवलोकन फारम, प्रश्नावली निर्देशिका अध्ययन गरिएको थियो । शोध निर्देशकज्यूको निर्देशनअनुसार त्यसमा संशोधन गरेर वैधता निर्धारण गरिएको छ । उक्त साधनको प्रयोगबाट यस अनुसन्धानलाई पूर्णता दिने ठूलो सहयोग पुग्ने विश्वास गरिएको छ ।

### **३.६ तथ्याङ्क संकलन प्रकिया :**

यस अध्ययनमा सूचना संकलनका लागि क्याम्पसबाट सिफारिस पत्र लिई नमुना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्रधानाध्यापकलाई भेटी आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग मागिएको छ । अध्ययन कार्यको लागि अनुसन्धान कर्ता स्वयम्

तथ्याङ्क संकलन गर्नका लागि तयार गरिएको अवलोकन संकलन फारम र प्रश्नावलीहरू, अन्तरर्वार्ता सूचीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । जसका लागि छनोटमा परेका विद्यालयका प्रधानाध्यापकलाई सम्पर्क गरी शिक्षक र प्रधानाध्यापकसंग अन्तर्वार्ता र प्रश्नावली भर्ने साथै तालिम प्राप्त र अप्राप्त शिक्षकको कक्षाकोठा अवलोकन गरी कक्षा अवलोकन फारम भरियो ।

**३.७. तथ्याङ्कको व्याख्या र विश्लेषण :**

अध्ययन क्षेत्रबाट प्राप्त गरेको सूचना तवसम्म अर्थपूर्ण मानिदैन जवसम्म प्राप्त सूचनालाई स्पष्ट तरिकाले प्रस्तुत गर्न सकिदैन । सैद्धान्तिक धारणालाई आधार वनाई सोही अनुरुप तथ्याङ्कहरूलाई विश्लेषण गरियो । विशेष-गरी अध्ययन क्षेत्रवाट प्राप्त सूचनालाई तथा परिमाणात्मक तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण गरियो ।

# परिच्छेद : चार

## तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सामुदायिक विद्यालयमा कार्यरत तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको पहिचान गर्ने र कक्षा कोठामा शिक्षण सिकाई कार्यनीतिलाई प्रभावकारी बनाउने उपायहरू अपनाउने उद्देश्यले चितवन जिल्लाको भरतपुर नगर क्षेत्र अर्न्तगत पर्ने ६ वटा सामुदायिक विद्यालय लाई Simple Random sampling विधि द्वारा छनोट गरि यि विद्यालयमा अध्यापन गराउने तालिम प्राप्त १७४ जना र तालिम अप्राप्त ३८ जना शिक्षकहरू मध्ये उद्देश्यमूलक नमूना छनोट विधिद्वारा ३ जना तालिम प्राप्त र ३ जना तालिम अप्राप्त शिक्षकहरूको छनोट गरि यो अध्ययन गरिएको थियो । छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरूलाई समेत अध्ययनमा समावेश गरिएको थियो । अध्ययनको क्रममा शिक्षकहरूसँग प्रश्नावलीका माध्यम द्वारा अर्न्तवाता लिर्ने, उनीहरूको कक्षा अवलोकन गर्ने, प्रधानाध्यापकलाई प्रश्नावली भराउने कार्य गरिएको थियो । विद्यालयको शैक्षिक वातावरणमा सुधार गरि कुन तरिकाबाट तालिममा सिकेका सीपहरूलाई कक्षाकोठामा स्थानान्तरण गर्न सकिन्छ र उनीहरूको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्यालाई समाधान गरि कक्षाकोठालाई प्रभावकारी बनाउन पहल गर्ने उपायहरूसँग सम्बन्धित रहेर तथ्याङ्क संकलन र त्यसको व्याख्या एवं विश्लेषण उद्देश्य वमोजिम निम्न शिर्षकमा रहेर गरिएको छ ।

### ४.१. तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरूको पहिचान :

प्रस्तुत अध्ययन तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका शिक्षण सिकाई कार्यनीतिहरूको तुलनात्मक अध्ययनमा शिक्षकहरुका लागि प्रश्नावली, प्रधानाध्यापकका लागि प्रश्नावली र कक्षा अवलोकन गरि अध्ययन गरिएको थियो । आदिकवि भानुभक्त उच्च माध्यमिक विद्यालय, बालकुमारी उच्च माध्यमिक विद्यालय र कन्या उच्च माध्यमिक विद्यालयमा अध्यापन गराउने प्राथमिक र माध्यमिक विद्यालय तहका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूसँग प्रश्नावली भराउने तथा कक्षा अवलोकन र प्रधानाध्यापकसँग प्रश्नावली भराई अध्ययन गर्दा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले वास्तविकरुपमा कक्षा कोठामा प्रयोग गर्ने गरेको शिक्षण सिकाई कार्यनीतिहरू निम्न रहेको पाइयो ।

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रयोग गरेको कार्यनीतिहरू :**

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका अनुसार तह, विषय, पाठ र विषय वस्तु अनुसार शिक्षण सिकाई कार्यनीतिहरू फरक-फरक हुने भएता पनि सामान्यत कक्षा कोठामा सबै शिक्षकहरूले व्यक्तिगत रुपमा स्वयं आँफूले पनि प्रयोग गर्ने गरेको कार्यनीतिहरू निम्न रहेको बताएका छन् ।

**कक्षा आरम्भ :-** तालिम प्राप्त शिक्षकहरूले निम्न कार्यनीतिहरू प्रयोग गरि कक्षा आरम्भ गर्ने गरेको बताए ।

१) कक्षा प्रवेश पछि प्रश्न सोधेर विद्यार्थीलाई आँफूप्रति आकर्षित गर्ने गरेको ।

२) विद्यार्थीहरूलाई बढि भन्दा बढि उत्प्रेरणा जगाएर मात्र कक्षा शुरु गर्ने गरेको ।

३) कक्षा नियन्त्रणमा पुरस्कार र दण्ड दुवैको प्रयोग गर्ने गरेको ।

४) पूर्व पाठको पुनरावलोकन पश्चात नयाँ पाठ शुरु गर्ने गरेको ।

**कक्षा आरम्भ** :- तालिम अप्राप्त शिक्षकहरूले निम्न कार्यनीतिहरू प्रयोग गरि कक्षा आरम्भ गर्ने गरेको पाइयो ।

- कक्षा प्रवेश पश्चात मार्कर बोर्डमा पाठ र पेज लेखी कक्षा शुरु गरेको पाइयो ।
- विद्यार्थी उत्प्रेणाका लागि बालगीत र प्रश्नहरूको प्रयोग गरेको पाइयो ।
- कक्षा नियनत्रणमा दण्डको बढि प्रयोग गरेको पाइयो ।
- शिक्षण क्रियाकलापमा विद्यार्थीहरू कम सहभागी रहेको पाइयो ।
- पूर्व पाठको पुनरालोकन गरि कक्षा शुरु गर्ने गरेको पाइयो ।

**कक्षा क्रियाकलाप** :- कक्षा क्रियाकलापमा तालिम प्राप्त शिक्षकहरूले निम्न अनुसारका कार्यनीतिहरूको प्रयोग गरि कक्षा शिक्षण गर्ने गरेको पाइयो ।

**शिक्षण विधिहरू :-** क) छलफल विधि ख) प्रश्न-उत्तर विधि ग) समस्या समाधान विधि घ) अवलोकन विधि ङ) खेल विधि

**शिक्षण सामग्री** :- विषय, तह, पाठ र विषयवस्तु अनुसार शिक्षण सामग्रीहरू विभिन्न हुने भएता पनि आँफूहरूले विषयवस्तुसँग मेल खाने खालका शिक्षण सामग्रीहरू प्रयोग गर्ने वताए । शिक्षकहरूले वास्तविक रुपमा प्रयोगमा ल्याउने गरेका शिक्षण सामग्रीहरू निम्न रहेको पाइयो ।

क) ठोस ख) अर्धठोस ग) संकेत

- दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीहरू : पाठ्यपुस्तक, शिक्षक निर्देशिका, मार्कर बोर्ड

- शब्दपत्ती, चित्रहरु, नक्सा, ग्लोव चार्ट,  पोष्टर, जियो बोर्ड, वेसटेन व्लक ज्यामितीय आकार र स्थानीय सामग्रीहरू ।

**शिक्षण सिकाई क्रियाकलाप** :- कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलाप गराउँदा शिक्षकहरूले विद्यार्थी केन्द्रित विधि बढि प्रयोग गर्ने गरेको बताए । विद्यार्थीहरूलाई बढि सक्रिय बनाउने, कक्षाको बिच बिचमा व्यक्तिगत रुपमा प्रश्न सोधि मूल्याङ्कन गर्ने, कमजोर विद्यार्थीहरूलाई पढि प्रश्न सोधी सक्रिय बनाउने, कक्षा कोठाको चारैतिर घुमेर शिक्षण गर्ने बताए । विद्यार्थीहरूको गृहकार्य अफिसमा लगेर परिक्षण गर्ने गरेको पाइयो ।

**कक्षा क्रियाकलाप** :- तालिम अप्राप्त शिक्षकहरूले कक्षा क्रियाकलापमा निम्न अनुसारका कार्यनीतिहरूको प्रयोग गरि कक्षा शिक्षण गर्ने गरेको पाइयो ।

**शिक्षण विधिको छनोट :-**

क) शिक्षक केन्द्रित विधि

१) प्रवचन विधि

२) प्रश्न-उत्तर विधि

३) छलफल विधि

ख) विद्यार्थी केन्द्रित विधि

१) समस्या समाधान विधि

**शिक्षण सामग्री** :- निम्न अनुसारका शिक्षण सामग्रीहरूको प्रयोग गरेको पाइयो ।

१) दैनिक प्रयोगमा आउने शिक्षण सामग्रीहरू: मार्कर, मार्कर बोर्ड, पाठ्यपुस्तक ।

२) चित्रहरु, शब्दपत्ती, चार्टहरू

**शिक्षण सिकाई क्रियाकलाप :-** कक्षा कोठामा सिकाई क्रियाकलाप गराउदा शिक्षक आँफू बढि सक्रिय रहेको र विद्यार्थीहरूलाई कम सक्रिय बनाएको पाइयो । कक्षाको बिच-बिचमा प्रश्नहरू सोधिएको  प्रश्नहरू तिक्ष्ण विद्यार्थीहरूलाई बढि सोधिएको पाइयो ।  कक्षा शिक्षणमा शिक्षक चारैतिर घुमेर शिक्षण गरेको पाइयो । विद्यार्थीहरूको गृहकार्य धेरै जसो कक्षामा परिक्षण गर्ने गरेको र कहिले काहिँ अफिसमा लगेर पनि परिक्षण गर्ने गरेको बताए ।

**कक्षा समापन :-** कक्षा समापनमा तालिम प्राप्त शिक्षकहरूले निम्न अनुसारका कार्यनीतिहरू प्रयोग गर्ने गरेको पाइयो ।

- पाठको अन्त्यमा विद्यार्थीहरूलाई प्रश्न सोधी पाठको  पुनरावलोकन गर्ने गरेको पाइयो ।
- पाठको अन्त्यमा पनि मौखिक प्रश्नहरू सोधी विद्यार्थीहरूको मूल्याङ्कन गर्ने गरेको पाइयो ।
- मूल्याङ्कन पश्चात आवश्यकता अनुसार पृष्ठपोषण दिने गरेको पाइयो ।

- विद्यार्थीहरूलाई अन्त्यमा गृहकार्य दिई कक्षा समापन गर्ने गरेको पाइयो ।

**कक्षा समापन :**

तालिम अप्राप्त शिक्षकहरूले कक्षा समापन गर्दा निम्न अनुसारका कार्यनीतिहरू प्रयोग गर्ने गरेको पाइयो ।

- पाठको अन्त्यमा मौखिक प्रश्नहरू सोधि विद्यार्थीहरूको मूल्याङ्कन गर्ने गरेको पाइयो ।
- मूल्याङ्कन पश्चात पृष्ठपोषण दिने गरेको पाइएन ।
- विद्यार्थीहरूलाई कक्षाको अन्त्यमा गृहकार्य दिई कक्षा समापन गर्ने गरेको पाइयो ।

## ४.२ तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको विश्लेषण

यस अध्ययनमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा शिक्षण सिकाई गर्दा प्रयोग गरेका कार्यनीतिहरू जस्तै : विद्यार्थी उत्प्रेणा, कक्षा नियन्त्रण, विद्यार्थी सहभागीता, चकबोर्ड प्रयोग,पाठको प्रस्तुतिकरण, शिक्षण सामग्री, प्रश्न सोधाई, विद्यार्थी प्रतिकृया, शिक्षकहरूको हाउभाउ, उदाहरणको प्रस्तुती, शिक्षकको गतिशिलता, पृष्ठपोषण, गृहकार्य, शिक्षकको दार्शनिक प्रभावको प्रधानाध्यापकको लागि प्रश्नावली अनुसुची १, शिक्षकको लागि प्रश्नावली अनुसुची २ र अवलोकन फारम अनुसुची ३ को प्रयोग गरी व्याख्या एवम् विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार उपशिर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ कक्षा आरम्भ :-

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन कुनै पनि शिक्षकले आफ्नो बुद्धि र विवेकको प्रयोग गरी विद्यार्थीहरूको रुची, चाहना र स्तरलाई ध्यानमा राखी शिक्षण कार्य संचालन गर्नुपदर्छ । शिक्षक कक्षाकोठामा प्रवेश गरे पछि कक्षा कोठाको व्यवस्थापन पश्चात मात्र शिक्षण सिकाई क्रियाकलापलाई अगाडी बढाउनु पर्छ । त्यसैले कक्षा व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा तालिम दिइएको पाइन्छ । यस अध्ययनको लागि छनोटमा परेका भरतपुर नगरक्षेत्र अर्न्तगतका सामुदायिक विद्यालयमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा आरम्भ के कसरी गरेका थिए भनी गरिएको अध्ययनमा कक्षा अवलोकन, प्रधानाध्यापक प्रश्नावली, शिक्षकका लागि प्रश्नावलीबाट प्राप्त उपलब्धीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिम अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन गर्दा पहिलो दिनमा विद्यार्थी उत्प्रेणा गरी ३३.३३ प्रतिशत र विद्यार्थी उत्प्रेणा नगरी कक्षा आरम्भ गर्ने ६६.६६ प्रतिशत भएको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि ३३.३३ प्रतिशतले विद्यार्थी उत्प्रेरित गरी कक्षा आरम्भ गरेको र ६६.६६ प्रतिशतले विद्यार्थी उत्प्रेणा नगरी कक्षा आरम्भ गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशतले विद्यार्थी उत्प्रेरीत गरी कक्षा आरम्भ गरेको र ३३.३३ प्रतिशतले विद्यार्थी उत्प्रेरीत नगरी कक्षा आरम्भ गरेको पाइयो । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले कक्षा आरम्भमा कक्षा नियन्त्रण गरे वा नगरेको कक्षा अवलोकन द्वारा अध्ययन गर्दा पहिलो दिनको अवलोकनमा सबै तालिम प्राप्त शिक्षकले कक्षा नियन्त्रण गरि शिक्षण कार्य आरम्भ गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि सबै तालिम प्राप्त शिक्षकले कक्षा नियन्त्रण गरि कक्षा आरम्भ गरेको पाइयो । त्यसै गरी तेस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण गरेको र ३३.३३ प्रतिशत तालिम प्राप्त शिक्षकले कक्षा नियन्त्रण नगरी कक्षा आरम्भ गरेको पाइयो । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन गर्दा पहिलो दिनको अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण गरि कक्षा आरम्भ गरेको र ३३.३३ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण नगरी कक्षा आरम्भ गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि ६६.६६ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण गरि शिक्षण गरेको पाइयो भने ३३.३३ प्रतिशत शिक्षकले कक्षा नियन्त्रण नगरी शिक्षण गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा सबै शिक्षकले कक्षा नियन्त्रण गरी शिक्षण गरेको पाइयो । तसर्थ तीन पटकको कक्षा अवलोकनमा त्यती धेरै उतार चढाब नआएका कारण उनीहरुको कार्यनीतिमा विश्वसनीयता रहेको देखिन्छ ।

विद्यार्थी सहभागी गराई कक्षा आरम्भ के कसरी भएको छ । अध्ययन गर्दा, तालिम प्राप्त शिक्षक मध्ये ६६.६६ प्रतिशतले विद्यार्थी सहभागी गराएको र ३३.३३ प्रतिशतले नगरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थी सहभागी गराएको र ३३.३३ प्रतिशतले नगरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकन सबै शिक्षकले विद्यार्थी सहभागी गरेको पाइयो । त्यसै गरी तालिम प्राप्त शिक्षकहरूको कक्षा अवलोकन गर्दा पहिलो दिनमा ६६.६६ प्रतिशतले गरेको र ३३.३३ नगरेको पाइयो । दोस्रो र तेस्रो दिनमा पनि ६६.६६ प्रतिशतले विद्यार्थी सहभागी गरेको र ३३.३३ प्रतिशतले नगरेको पाइयो । तसर्थ तीन पटकको कक्षा अवलोकनमा उतार चढाब नआएका कारण कार्यनीतिमा विश्वसनीयता रहेको देखिन्छ ।

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले कक्षा आरम्भ गर्दा पूर्वपाठको पुनरावलोकन गरेको वा नगरेको कक्षा अवलोकन द्वारा अध्ययन गर्दा, पहिलो दिनको अवलोकनमा तालिम प्राप्त ३३.३३ प्रतिशत शिक्षकले पूर्वपाठको पुनरावलोकन गरेको ६६.६६ प्रतिशतले शिक्षकले नगरेको पाइयो । दोस्रो दिनको अवलोकनमा ३३.३३ प्रतिशत शिक्षकले पूर्वपाठको पुनरावलोकन गरेको र ६६.६६ प्रतिशतले नगरेको पाइयो, भने तेस्रो दिनको कक्षा अवलोकनमा ३३.३३ प्रतिशतले पूर्वपाठको पुनरावलोकन र ६६.६६ प्रतिशतले नगरेको पाइयो । तालिम अप्राप्त शिक्षकहरुको कक्षा अवलोकन गर्दा पहिलो दिनको कक्षा अवलोकनमा ३३.३३ प्रतिशतले पूर्वपाठको पुनरावलोकन गरेको र ६६.६६ प्रतिशतले नगरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि ३३.३३ प्रतिशतले पूर्वपाठको पुनरावलोकन गरेको पाइयो, भने ६६.६६ प्रतिशतले पूर्वपाठको पुनरावलोकन नगरेको पाइयो । त्यसै गरी तेस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशतले पूर्वपाठको पुनरावलोकन गरी कक्षा आरम्भ गरेको पाइयो भने ३३.३३ प्रतिशतले नगरेको पाइयो । तसर्थ तालिम प्राप्त शिक्षकको कक्षा अवलोकनमा तीन पटकको कक्षा अवलोकनमा उतार चडाव आएकोले यो कार्यनीति चयनमा कम विश्वसनीय रहेको देखिन्छ भने तालिम अप्राप्तको तीन पटकको कक्षा अवलोकनको तथ्याङ्कमा कम उतार चडाव देखिएकोले उक्त तथ्याङ्क विश्वसनिय देखिन्छ ।

शिक्षकका लागि प्रश्नावलीका आधारमा अध्ययन गर्दा शिक्षकहरूले कक्षा आरम्भ गर्दा विद्यार्थी उत्प्रेणा पूर्ण रुपमा गरेको, कक्षा नियन्त्रणमा पुरस्कार र अन्य आधारको प्रयोग गरेको, शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीलाई उच्च रुपमा सहभागी गराई कक्षा आरम्भ गर्ने गरेको र पूर्वपाठको पुनरावलोकन पश्चात मात्र नयाँ पाठको आरम्भ गर्ने गरेको बताए । प्रध्यानाध्यापकहरूको भनाई अनुसार तालिम प्राप्त र अप्राप्त शिक्षकहरू आ-आफ्नो कर्तब्य प्रति सजग रही कार्य गरेको बताए । तालिम प्राप्त शिक्षकहरूको कक्षा आरम्भ तालिम अप्राप्तको भन्दा भिन्न र प्रभावकारी रहेको बताएका छन् । कक्षा आरम्भमा विद्यार्थी उत्प्रेणामा दुवै खालका शिक्षकहरूले बालगित, प्रश्न सोध्ने तथा अन्य क्रियाकलाप गर्ने गरेको बताए । कक्षा नियन्त्रणमा तालिम प्राप्त शिक्षकको कक्षा प्रभावकारी भएको बताए । साथै विद्यार्थी सहभागीता र पूर्वपाठको समिक्षा गरी कक्षा आरम्भ गर्ने मा पनि तालिम प्राप्त र अप्राप्त बिच भिन्नता भएको कुरा बताए ।

यसरी विश्लेषण गर्दा प्रध्यानाध्यापकको भनाई अनुसार तालिम प्राप्त शिक्षकहरूको कक्षा आरम्भ गर्ने कार्यनीति तालिम अप्राप्त शिक्षकहरूको भन्दा प्रभावकारी भएको (बताएका) र दुवै खालका शिक्षकहरूसँगैको प्रश्नावलीको अध्ययनमा दुवै खालका शिक्षकले कक्षा आरम्भ प्रभावकारी तरिकाले गर्ने गरेको बताएता पनि कक्षा अवलोकन गरि हेर्दा तालिम प्राप्त शिक्षकहरूले तालिममा सिकेका कुराहरूलाई पूर्णरुपमा प्रयोगमा ल्याउन नसकेको र तालिम अप्राप्त शिक्षकहरूले औपचारीक रुपमा तालिम नलिए पनि विभिन्न पाठ्यपुस्तक, शिक्षकनिर्देशिकाको अध्ययन पछि साथीहरूसँगको अल्पकालीन शैक्षिक गोष्ठी र सेमिनार अर्न्तक्रिया र शिक्षण अनुभवको आधारमा शिक्षणलाई प्रभावकारी बनाउन प्रयास गरेको पाइयो । तै पनि तुलनात्मक रुपमा विश्लेषण गर्दा तालिम अप्राप्त को भन्दा तालिम प्राप्त शिक्षकहरूको कक्षा क्रियाकलाप बढि नै प्रभावकारी रहेको देखियो ।

### ४.२.२ कक्षा क्रियाकलाप :-

शिक्षण सिकाई क्रियाकलापलाई सहज र सरल बनाउन, विद्यार्थीहरूको मष्तिष्कमा चाहेजस्तो व्यवहारमा परिवर्तन ल्याउन, व्यवहारिक ज्ञानको विकास गराउन शिक्षक विद्यार्थी मैत्रपूर्ण वातावरणको सृजना गर्नु पर्दछ । यसरी विद्यार्थी मैत्रीपूर्ण कक्षा व्यवस्थापनका लागि शिक्षकहरूलाई समय-समयमा शैक्षिक जनशक्ति तालिम केन्द्रिले तालिम दिईएको पाइन्छ । जसले प्रभावकारी शिक्षण सिकाईमा सहयोग गर्दछ । यसरी तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा क्रियाकलाप को अध्ययनमा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा क्रियाकलापको अवलोकन गर्दा पहिलो अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय बनाएर शिक्षण गरेका पाइयो । दोस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षक ले (शिक्षण) विद्यार्थीहरूलाई सक्रिय वनाए शिक्षण गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई सक्रिय बनाएर शिक्षण गरेको पाइयो । यसरी तीन पटकको कक्षा अवलोकनको तथ्याङ्क हेर्दा तथ्याङकमा धेरै उतार चडाव नदेखिएको हुर्दा उक्त तथ्याङ्क विश्वसनीयता रहेको पाउन सकिन्छ ।

यसै गरी ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकले समस्या सामाधान विधिको प्रयोग गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले समस्या समाधान विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो । ३३.३३ प्रतिशत तालिम प्राप्त शिक्षक र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रवचन विधिको प्रयोग गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा पनि ३३.३३ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकले प्रवचन गरी शिक्षण गरेको पाइयो । ६६.६६ प्रतिशत तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकले कक्षा छलफल गरी शिक्षण गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकले छलफल विधिको प्रयोग गरेको पाइयो । तेस्रो दिनको अवलोकनमा सबै तालिम प्राप्त र६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकले कक्षा छलफल विधिबाट शिक्षण गरेको पाइयो । यसरी तीन पटकको कक्षा अवलोकनको तथ्याङ्क विश्लेषण गर्दा तथ्याङकमा धेरै उतार चडाव नदेखिएको हुदा उक्त तथ्याङ्क विश्वसनीय रहेको पाउन सकिन्छ ।

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा क्रियाकलापको अवलोकन गर्दा दैनिक प्रयोगमा आउने शैक्षिक सामग्री चक बोर्ड वा मार्कर बोर्डको प्रयोग सबै शिक्षकहरूले गरेको पाइयो । विषय वस्तुसँग सम्बन्धित अरु थप सामग्रीको प्रयोगमा पहिलो अवलोकनमा ३३.३३ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्तले शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेको

पाइयो । दोस्रो पटकको अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्तले शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । तेस्रो पटकको अवलोकनमा पनि ६६.६६ प्रतिशत तालिम प्राप्त ६६.६६ प्रतिशत तालिम अप्राप्तले शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । कक्षा क्रियाकलाप गर्दा विषय वस्तुलाई स्पष्ट पार्नको लागि विषय वस्तु अनुसारको उपयुक्त उदाहरण दिइएर विद्यार्थीहरुलाई सरल ढगले बुझाउने शैलिको अध्ययनमा पहिलो अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकले विषय वस्तुलाई उपयुक्त उदाहरणको प्रयोग गरेर स्पष्ट पार्ने गरेको पाइयो । दोस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकले उपयुक्त उदाहरणको प्रयोग गरी शिक्षण गरेको पाइयो । तेस्रो दिनको अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकले उपयुक्त उदाहरणको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो । तालिम प्राप्त शिक्षकहरुको तीन पटकको कक्षा अवलोकन तथ्याङ्क स्थिर रहेकोले यो तथ्याङ्क विश्वसनिय रहेको देखिन्छ भने तालिम अप्राप्तको तीनपटकको तथ्याङ्कमा (घटबड) पहिलो र दोस्रो भन्दा तेस्रो फरक- फरक भएकोले तेस्रो पटकको तथयाङ्क कम विश्वसनिय रहेको पाउन सकिन्छ ।

कक्षा क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय बनाउन र विषय वस्तुहरूलाई स्पष्ट पार्नको लागि विद्यार्थीहरूलाई बिच बिचमा प्रश्न सोध्ने कार्य ज्यादै महत्वपूर्ण हुन्छ । साथै विद्यार्थीहरूलाई सक्रिय बनाई उनीहरुले शिक्षकलाई प्रश्न सोध्ने वातावरणको सृजना गर्न पनि शिक्षकको महत्वपूर्ण कार्य हुन जान्छ । यि कार्य के-कसरी संचालन भएका छन् भन्ने अध्यायनमा कक्षा अवलोकन गर्दा ६६.६६ प्रतिशत तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई सक्रिय बनाई प्रश्न सोधि तथा सोध्ने मौका प्रदान गरी शिक्षण गरेको पाइयो । दोस्रो दिनको अवलोकनमा पनि ६६.६६ प्रतिशत तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रश्न सोधि शिक्षण गरेको पाइयो, भने तेस्रो दिनको कक्षा अवलोनकमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई सक्रिय बनाउनको लागी बिच-बिचमा आँफूहरूले प्रश्न सोध्ने साथै विद्यार्थीहरूलाई पनि प्रश्न सोध्ने मौका दिई शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो । तसर्थ तथ्याङ्कमा उतार चडाव नभएकाले तथ्याङ्क विश्वसनिय रहेको विश्वास गर्न सकिन्छ । शिक्षण सिकाई क्रियाकलाप गर्दा शिक्षण गर्ने पाठको उद्देश्य के हो ? त्यसको पूर्व ज्ञान हुनु पर्दछ । उद्देश्यको किटान गरी सोहि उद्देश्य अनुरुप शिक्षण गरेमा शिक्षण प्रभावकारी र उद्देश्यमूलक हुन्छ । यसरी शिक्षण सिकाई क्रियाकलाप उद्देश्य

अनुरुप भएको छ कि छैन भनी अध्ययन गर्दा पहिलो दिनको कक्षा अवलोकनमा सबै तालिम प्राप्त शिक्षकहरूले उद्देश्य अनुरुप सिकाई क्रियाकलाप गरेको पाइयो, भने ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले पनि उद्देश्य अनुरुप सिकाई क्रियाकलाप गरेको पाईयो । दोस्रो दिनको अवलोकनमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले उद्देश्य अनुरुप शिक्षण गरेको पाइयो । तेस्रो दिनको अवलोकनमा सबै तालिम प्राप्त र सबै तालिम अप्राप्त शिक्षकहरूले विषय वस्तुको उद्देश्य अनुरुप शिक्षण गरेको पाइयो । उक्त तथ्याङ्कमा उतार चडाव नभएकोले तथ्याङ्क पूणविश्वसनिय भएको विश्वास गर्न सकिन्छ ।

यसै क्रममा शिक्षकहरू सँग गरिएको प्रश्नावली अनुसार शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउने काम तालिम प्राप्त शिक्षकले उच्च रुपमा गरेको र तालिम अप्राप्तले मध्यम रुपमा गरेको बताएका थिए । शिक्षण विधिको छनोटमा दुवै खालका शिक्षकले विद्यार्थी केन्द्रित अपनाउने गरेको वताए । शिक्षण सिकाई क्रियाकलापमा शिक्षक कक्षा कोठामा आवश्यकता अनुसार अगाडी, पछाडी अथवा चारै तिर घुमेर शिक्षण गर्ने वताए । पाठको विच विचमा सामूहिक रुपमा मूल्याङ्कन गर्ने गरेको, प्रश्न सोध्दा कमजोर विद्यार्थीलाई बढि सोध्ने गरेको, शिक्षण कार्यमा स्थानिय सामग्रीको बढि प्रयोग गरेको, समूह छलफल विधि द्वारा शिक्षण गरेता पनि विषय वस्तुको प्रकृति र विषय अनुसार व्याख्यान विधि, समस्या समाधान विधिको प्रयोग गर्ने गरेको वताए ।

यसै गरी कक्षा क्रियाकलापका सम्बन्धमा प्रध्यानाध्यापकसँग गरिएको अर्न्तवातामा दुवै तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले शिक्षक केन्द्रित विधिको बढि प्रयोग गर्ने गरेको साथै समय समयमा समस्या समाधान विधि, खोज विधिको समेत प्रयोग गर्ने गरेको पाइयो । यसै गरी तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले देखाउने हाउभाउ (प्रभावकारी भएको), फरक भएको, तालिम प्राप्त शिक्षकले सिकाई क्रियाकलाप स्पष्ट एवम् प्रभावकारी ढंगबाट प्रस्तुत गर्ने गरेको वताए ।

यसै गरी शिक्षण सामग्रीको (समस्या) कम उपलब्धता, विद्यार्थी संख्या अधिक, पिरियड भार बढि  जस्ता कारणले गर्दा तालिम प्राप्त शिक्षकहरूले पनि पूर्णपरुपमा तालिममा सिकेका सिपहरूलाई कक्षा कोठामा अभ्यासमा ल्याउन नसकेको बताए ।

यसरी संक्षेपमा विश्लेषण गर्दा प्रधानाध्यापकका अनुसार कक्षा क्रियाकलाप तालिम अप्राप्तले भन्दा तालिम प्राप्तले बढि प्रभावकारी रुपमा गर्ने गरेको पाइएता पनि शिक्षकहरू संगको अर्न्तवार्तामा भने दुवैको कक्षा क्रियाकलापमा खासै अर्न्तर नभएको पाइयो र प्रत्यक्ष कक्षा अवलोकनबाट पनि तालिम प्राप्त र अप्राप्तले प्रयोग गर्ने कार्य नीतिहरूमा धेरै फरक देखिएन तैपनि विश्लेषणत्मक  रुपमा भने शिक्षणमा तालिमको प्रभाव भने देखिएको छ । साथै प्राप्त तथ्याङ्कमा उतार चडाव खासै नदेखिएकाले प्राप्त तथ्याङ्क विश्वनीय भएको विश्वास गर्न सकिन्छ ।

**४.२.३ कक्षा समापन :-**

शिक्षकले कक्षा शिक्षणको अन्त्यमा विभिन्न क्रियाकलापहरू गरी कक्षा समापन गरेका हुन्छन् । ति क्रियाकलापहरू तालिमको अभावले अपूर्ण हुने हुनाले शिक्षकलाई तालिमको माध्यमबाट विद्‌यार्थीहरुको मूल्याङ्कन गरी शिक्षण सिकाई प्रभावकारी भयो  वा भएन त्यस सम्बन्धी जानकारी प्राप्त गरी सफल शिक्षण गर्न मदत पु¥याउछ । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा समापन कार्यनीतिको अध्ययनमा कक्षा अवलोकन बाट प्राप्त नतिजालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिम प्राप्त र  अप्राप्त शिक्षकहरूको “कक्षा समापन” को कक्षा अवलोकन बाट अध्ययन गर्दा पाठको अन्त्यमा गरिने क्रियाकलापमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रश्न गरेर पाठको पुनरावलोकन गरेको पाइयो भने ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकले प्रवचन गरेर पाठको पुनरावलोकन गरेको देखियो । दोस्रो दिनको कक्षा अवलोकनमा सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रश्न सोधेर पाठको पुनरावलोकन गरेको पाइयो भने ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रवचन गरेर पाठको पुनरावलोकन गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा पनि सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रश्न गरेर पाठको पुनरावलोकन गरेको पाइयो भने ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले प्रवचन गरेर पाठको पुनरावलोकन गरेको पाईयो । दुवै तालिम प्राप्त र तालि अप्राप्त शिक्षकहरूले लिखित मूल्याङ्कन गरेको पाइएन तर ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई मौखिक मूल्याङ्कन गरेको पाइयो । दोस्रो दिनको कक्षा अवलोकनमा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई मौखिक मूल्याङ्कन गरेको पाइयो । तेस्रो दिनको कक्षा अवलोकनमा भने सबै तालिम प्राप्त र ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई मूल्याङ्कन गरेको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा समापनमा मूल्याङ्कन् पश्चात पृष्ठपोषण दिए नदिएको अध्ययन गर्दा ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले मूल्याङ्कन् पश्चात पृष्ठपोषण दिइएको पाइयो । दोस्रो र तेस्रो दिनको कक्षा अवलोकनमा पनि ६६.६६ प्रतिशत तालिम प्राप्त र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले पृष्ठपोषण दिने गरेको पाइयो । यसै गरी तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूले लिखित तथा मौखिक रुपमा गृहकार्य दिएको पाइयो । यसरी कक्षा समापनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले प्रयोग गर्ने कार्यनीतिहरूको कक्षा अवलोकन गरी अध्ययन गर्दा तीन पटकको कक्षा अवलोकनमा प्राप्त तथ्याङ्कमा उतार चडाव नदेखिएकाले प्राप्त तथ्याङ्क विश्वसनीय भएको विश्वास गर्न सकिन्छ ।

यसै गरि शिक्षकसँग गरिएको प्रश्नावली अन्तर्वार्ता अनुसार प्रवचन छलफल र प्रश्न गरेर पाठको समिक्षा गरेको बताए । तालिम प्राप्त शिक्षकहरूले शिक्षण कार्यको अन्त्यमा सधै मौखिक मूल्याङ्कन् गर्ने साथै मूल्याङ्कन् पश्चात पृष्ठपोषण दिने गरेको बताए । तालिम अप्राप्त शिक्षकहरूले सधै गृहकार्य दिने गरेको र गृहकार्य नगर्नेलाई कहिले काहीँ हप्काउने गरेको कुरा समेत व्यक्त गरे भने गृहकार्यलाई समय समयमा जाँच गर्ने गरेको वताए । तालिम प्राप्त

शिक्षकहरूले पनि सधै मार्कर बोर्डमा लेखेर र मौखिक रुपमा भनेर गृहकार्य दिने गरेको, गृहकार्य गरेर ल्याउनेलाई हौसला दिई गृहकार्य नगर्नेलाई पनि गर्न प्रोत्साहन दिने गरेको र गृहकार्य प्राय अफिस कोठामा लगि जाँच गर्ने गरेको अर्न्तवाताका क्रममा व्याक्त गरे तर दुवै तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले विद्यार्थी संख्या अधिक भएको तथा शिक्षकहरूको पिरियड भार अधिक भएका कारणले गृहकार्य दिने गरेको तर सधै नजाचेको कुरालाई स्विकार गरेको पाइयो । पाठको अन्त्यमा कक्षा समापन गर्ने तरिकाको सम्बन्धमा प्रधानाध्यापकसँग गरिएको अन्तरक्रियामा दुवै तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले प्रश्न सोधि पाठको पुनरावलोकन गर्ने गरेको, मूल्याङ्कन पश्चात पृष्ठपोषण दिने गरेको र मौखिक तथा लिखित गृहकार्य दिई पाठको अन्त्य गर्ने गरेको वताए ।

यसरी संक्षेपमा विश्लेषण गर्दा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षा समापन गर्दा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययनमा प्रधानाध्यापकसँगको अर्न्तवाता अनुसार दुवै शिक्षकहरूले प्रयोग गर्ने गरेका कार्यनीतिहरूमा केही समानता भएको र शिक्षकहरूसँगको अर्न्तवातामा दुवै खालका शिक्षकहरुले एउटै कार्यनीतिहरू प्रयोग गर्ने बताए ता पनि कक्षा अवलोकनमा भने तालिम प्राप्त शिक्षकहरूमा तालिमको प्रभावका कारण कक्षा बढि प्रभावकारी भएको पाइन्छ ।

### ४.३ कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिहरूलाई प्रभावकारी बनाउने उपायहरू :-

कक्षाकोठामा शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी वनाउने उपायहरूको बारेमा तालिम प्राप्त शिक्षक, तालिम अप्राप्त शिक्षक तथा प्रध्यानाध्यापक समेतलाई प्रश्न तथा छलफल गर्दा सामूदायिक विद्यालयमा शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी वनाउने बारेमा आएका विचारहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

क) सामूदायिक विद्यालयमा कक्षाकोठा तथा शिक्षक दरवन्दीको अभावमा एउटै कक्षामा धेरे विद्यार्थी राख्नुपर्ने बाध्यता भएकोले शिक्षण कार्यनीतिहरुलाई प्रभावकारी बनाउन नसकिएकाले विद्यार्थी शिक्षक अनुपात मिलाएर कक्षा व्यवस्थापन भएमा शिक्षणलाई प्रभावकारी बनाउन सकिने कुरा उल्लेख गरेको पाइयो ।

ख) सामूदायिक विद्यालयको आम्दानीको श्रोत कमि भएकोले पाठ्यवस्तुले माग गरे अनुसारको शैक्षिक सामग्रीको व्यवस्थापन गर्न नसकिएकोले सरकारी तवरबाट नै यसको व्यवस्था

हुन सकेमा शिक्षण सिकाई कार्यनीतिलाई प्रभावकारी वनाउन सकिने कुरा उल्लेख गरेको पाइयो ।

ग) शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी रुपमा कार्यन्वयन गरि गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि तालिम प्राप्त शिक्षकहरूलाई पुनरताजगी तालिमको व्यवस्था गर्न र तालिम अप्राप्त शिक्षकहरूलाई पनि तालिमको ब्यवस्था हुनुपर्ने कुरा व्यक्त गरेको पाइयो ।

घ) प्रध्यानाध्यापकका अनुसार विद्यालयको भौतिक र आर्थिक अवस्था पनि एउटा बाधकका रुपमा रहेको पाइयो साथै विद्यालयको सुपरिवेक्षण र्कायमा पनि शैक्षणिक पक्षलाई ध्यान दिन नसकेको कुरा पाइयो । यसरी शिक्षण सिकाई क्रियाकलापलाई कक्षा अवलोकन गरेर नै निरिक्षण तथा सुपरिवेक्षण गरिनु पर्ने भनाई रहेको पाइयो । शिक्षकहरूले शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी बनाउन, शिक्षक र विद्यार्थी बिचको सम्बन्ध विकास गरि विद्यार्थीको मनोभावनालाई बुझ्न नसकेको कक्षा अवलोकनका क्रममा पाइयो । त्यसैले शिक्षक स्वयम् सक्रिय र शिक्षण प्रति उत्तरदायी बनी शिक्षण सिकाई कार्यनीतिहरूलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकहरू बिच अन्तर्क्रिया गर्ने तथा उनीहरू बिच कक्षा अवलोकन गरी शिक्षणलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ ।

# परिच्छेद : पाँच

## प्राप्ती, निष्कर्ष र सुझावहरू

प्रस्तुत "तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरू" विषयक प्रतिवेदन तयार पार्ने क्रममा चितवन जिल्ला अन्तर्गत भरतपुर नगरक्षेत्रका सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको थियो । उक्त नगरक्षेत्रका सामुदायिक विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूलाई अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनले राखेको उद्देश्य पुरा गर्नेका लागि शिक्षक प्रश्नावली, प्रध्यानाध्यापक प्रश्नावली र अवलोकन फारम जस्ता अध्ययन सामग्रीको सहयोग लिई आवश्यक सम्पूर्ण तथ्य एवम् सुचनाहरूलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिसके पछि त्यसबाट प्राप्त भएको निचोड कस्तो रहयो, के-कस्तो समस्या देखिए त्यसको निष्कर्ष सहित विद्यमान समस्या समाधानका लागि आवश्यक सुझावहरू यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### ५.१ प्राप्ति

"तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरू" विषयक अध्ययनमा निमार्ण गरिएका विभिन्न अध्ययन सामग्रीहरूको व्यख्या एवम् विश्लेषण पश्चात प्राप्त प्राप्तिलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) पहिलो, दोस्रो र तेस्रो दिनको कक्षा अवलोकनमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले विद्यार्थी उत्प्रेरीत गरी कक्षा आरम्भ गर्ने कार्यमा एकरुपता रहेकोले उक्त कार्य विश्वनीय रहेको पाइयो ।

ख) शिक्षण सिकाईमा विद्यार्थी सहभागीतामा तालिम प्राप्त र तालिम अप्राप्त बिच समानता रहेको पाइयो । पूर्व पाठको पुनरावलोकन पश्चात कक्षा आरम्भको अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू बिच समानता रहेको पाइयो ।

ग) तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूको तुलनामा तालिम प्राप्त ३३.३३ प्रतिशतले बढि समस्या समाधान विधिको प्रयोग गरेको पाइयो । प्रवचन र छलफको विधिमा दुवै शिक्षक बिच समानता रहेको पाइयो ।

घ) तीन ओटै कक्षा अवलोकनमा कक्षा नियन्त्रण गरी कक्षा आरम्भ गर्ने कार्यमा एकरुपता भएकोले उक्त कार्य  विश्वसनीय रहेको पाइयो ।

ङ) शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउनको लागि आवश्यक थप शिक्षण सामग्रीको प्रयोगमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू बिच समान्ता रहेको पाइयो  साथै सबै शिक्षकहरूले आवश्यकता अनुसार मार्कर बोर्डको प्रयोग गरेको पाइयो ।

च) तीन ओटा कक्षा अवलोकनमा तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको कक्षा क्रियाकलापमा दुई दिनको क्रियाकलापमा एकरुपता रहेका र तेस्रो दिनको कक्षा फरक रहेको पाइयो ।

छ) उदाहरणको प्रस्तुति द्वारा विषयवस्तु प्रष्ट पार्ने र्कायमा तालिम प्राप्त शिक्षकहरुको तीनओटै कक्षा अवलोकनमा एकरुपता रहेको र तालिम अप्राप्त शिक्षकहरुको पहिलो र दोस्रो कक्षामा एकरुपता तर तेस्रो फरक रहेको पाइयो ।

ज) कक्षा क्रियाकलापमा विद्यार्थीलाई प्रश्न सोधि विषयवस्तु प्रष्ट पार्ने कार्यमा तालिम अप्राप्त शिक्षकहरुको तीन ओटै कक्षा अवलोकनमा एकरुपता रहेको पाइयो, भने तालिम प्राप्त शिक्षकहरुको पहिलो र दोस्रो अवलोकनमा एकरुपता रहेको तर तेस्रो अवलोकन फरक रहेको पाइयो ।

झ) तालिम प्राप्त सबै शिक्षकहरूले पाठको पुनरावलोकन प्रश्न गरेर गरेको पाइयो भने ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले मात्र पाठको पुनरावलोकन प्रश्न गरेर गरेको पाइयो र ३३.३३ प्रतिशत तालिम अप्राप्त शिक्षकले पाठको पुनरावलोकन नगरी समापन गरेको पाइयो ।

ञ) मूल्याङ्कनको क्रममा तालिम प्राप्त र तालिम अप्राप्त दुवै शिक्षकहरूले लिखित मूल्याङ्कन नगरेको पाइयो । ६६.६६ प्रतिशत तालिम प्राप्त शिक्षकहरूले मौखिक प्रश्न सोधी  मूल्याङ्कन गर्ने गरेको पाइयो भने ६६.६६ प्रतिशत तालिम अप्राप्त शिक्षकहरूले मौखिक मूल्याङ्कन पनि गर्ने नगरेको पाइयो ।

ट) शैक्षिक क्रियाकलाप उद्देश्य अनुरुप गर्ने कार्यमा तालिम प्राप्त शिक्षकहरुको तीन ओटै कक्षा अवलोकनमा एकरुपता रहेको पाइयो, भने तालिम अप्रापत शिक्षकहरुको पहिलो र दोस्रोमा एकरुपता रहेको तर तेस्रो फरक रहेको पाइयो ।

ठ) मूल्याङ्कन पश्चात पृष्ठपोष्ण प्रदान गर्ने कार्यको अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुको तीनओटै कक्षा अवलोकनमा एकरुपता रहेको पाइयो ।

ड) तालिम प्राप्त र तालिम अप्राप्त सबै शिक्षकहरूले कक्षाको अन्त्यमा गृहकार्य दिने गरेको र गृहकार्य परिक्षण अवस्था अनुसार कहिले कक्षा कोठामा नै र कहिले अफिसमा लगेर परिक्षण गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूले तालिम अप्राप्त शिक्षकहरुको तुलनामा विद्यार्थी उत्प्रेणा र कक्षा नियन्त्रण गरि कक्षा आरम्भ गर्ने गरेको छन् । प्रभावकारी रुपमा सिकाइ क्रियाकलापमा विद्यार्थीको सहभागीता बढि नै रहेको छ । कक्षा क्रियाकलापमा विद्यार्थीहरूलाई बढि भन्दा बढि सक्रिय बनाउने कार्यमा तालिम प्राप्त शिक्षकहरूको क्रियाकलाप राम्रो रहेको छ । तालिम प्राप्त शिक्षकहरूले समस्या समाधान र छलफल विधिको बढि प्रयोग गरेको र तालिम अप्राप्त शिक्षकहरूले प्रवचन विधि र छलफल विधिको बढि प्रयोग गर्ने गरेको छन् । तालिम प्राप्त शिक्षकहरू विद्यार्थी केन्द्रित विधिबाट र तालिम अप्राप्त शिक्षकहरू शिक्षक केन्द्रित विधिबाट प्रभावित छन् । शिक्षण सामग्रीको प्रयोग दुवै थरीका शिक्षकहरुले कम मात्रामा प्रयोग गर्ने गरेका र मार्कर बोर्डको प्रयोग बढि गर्ने गरेका छन् । तालिम प्राप्त र अप्राप्त शिक्षकहरु दुवै बीच चारैतिर घुमेर शिक्षण गर्ने, उदाहरण दिएर विषयवस्तु प्रष्टयाउन, ठिक समयमा कक्षा शुरुवात गर्ने, पढाउने बेलामा विद्यार्थीलाई प्रश्न सोध्ने, सामूहिक छलफल गराउने व्याख्यान विधिको प्रयोग जस्ता कार्यनीतिहरूमा समानता रहने गरेको छ। उद्देश्य अनुरुप शिक्षण क्रियाकलाप गर्ने कार्यमा तालिम प्राप्त शिक्षकहरूको कार्य बढि प्रभावकारी रहेको छ ।

कक्षा समापन गर्दा सबै तालिम प्राप्त शिक्षकहरूले प्रश्न सोधी पाठको पुनरावलोकन गर्ने गरेका र तालिम अप्राप्त कम शिक्षकहरूले मात्र यो कार्यनीति अपनाउने छन् । विद्यार्थी मूल्याङ्कनमा लिखित मूल्याङ्कन कसैले पनि नअपनाएको र मौखिक प्रश्न सोधी मूल्याङ्कन गर्नेमा दुवै थरीका शिक्षक बिच समानता रहेको छ । तालिम प्राप्त धेरै शिक्षकहरूले मूल्याङ्कन पश्चात पृष्ठपोषण दिने गरेका तर तालिम अप्राप्त कम शिक्षकहरू मात्र यो कार्यनीति प्रयोग गर्ने गरेका छन् ।

गृहकार्यको सम्बन्धमा भने दुवै शिक्षकले समान कार्यनीति प्रयोग गर्ने गरेका छन् । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन गर्दा तह र विषय अनुसार कार्यनीतिहरू फरक-फरक प्रयोग गरिनु पर्ने भएता पनि एउटै विषय र तहगत रुपमा तुलनात्मक अध्ययन गर्दा शिक्षकको शिक्षण पेशा प्रतिको इमान्दारीता, कक्षाकोठाको अवस्था र विद्यार्थी संख्या, पिरियड भारी बढी वा कम जस्ता बाहिरी अवस्थाले केही हद सम्म प्रभाव पारेपनि शिक्षण क्रियाकलापमा तालिमको सकरात्मक प्रभाव रहेको छ । तसर्थ प्रभावकारी शिक्षण सिकाई साथै प्रभावकारी कार्यनीति चयनका लागि शिक्षकहरूलाई शिक्षक तालिमको अपरिहार्यता देखिन्छ ।

## ५.३ सुझाव :-

अध्ययनका सिलसिलामा प्राप्त गरिएका सुचनाहरूको व्याख्या एवम् विश्लेषणबाट प्राप्त गरिएका प्राप्ती तथा निष्कर्षको आधारमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीति निर्माण तह :-

क) नेपालमा शिक्षक पेशालाई अन्य पेशाको तुलनामा कम आकर्षक मानिने गरिएको छ । भविश्यका कर्णधारहरू उत्पादन गर्ने शिक्षण पेशालाई आकर्षक र मर्यादीत बनाउन सकिएन भने भविश्य प्रति अन्याय हुन जान्छ, तसर्थ शिक्षकहरूलाई उत्प्रेरित गराउने खालका तलब र सुबिधाहरूको व्यव्स्था मिलाउनु पर्छ ।

ख) वर्तमान व्यवस्थामा शिक्षक बन्नका लागि शिक्षक लाइसेन्स लिनु पर्ने व्यवस्था त बनाएको तर लाइसेन्स दिने प्रकृया पनि विवादीत भई रहेको सन्र्दभमा शक्तिशाली स्वतन्त्र शिक्षक आयोग बनाई शिक्षक लाइसेन्स दिने व्यवस्था हुनु पर्छ ।

ग) शिक्षकमा विद्यमान रहेको विवेदिकरण लाई अन्त्य गरी एकै खालका शिक्षक नियूक्तिको व्यवस्था मिलाउनु पर्दछ ।

घ) तालिमले ज्ञान, सिप र दक्षतामा अभिबृद्धि गरी व्ययहार परिवर्तन गर्न मदत पुग्ने हुदाँ तालिम नपाएका शिक्षकहरूलाई तालिम दिने र तालिम प्राप्त शिक्षकलाई समय-समयमा पुनर्ताजकी तालिम संचालन गर्ने व्यवस्था भएमा कक्षाकोठामा प्रयोग गरिने कार्यनीतिहरूमा पनि परिवर्तन हुन जान्छ र गुणस्तरिय शिक्षा प्रदानमा सहयोग पुग्दछ ।

ङ) समुहगत रुपमा कार्यसम्पादन गर्न कार्यहरूमा राम्रो र नराम्रो बिचको भिन्नता छुट्याउन सकिएन भने प्रभावकारी कार्यसम्पादनको अपेक्षा गर्न सकिदैन  तसर्थ शैक्षिक क्षेत्रमा पनि विद्यालयमा राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार, सम्मान र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्ने कानुनी प्रावधान भएता पनि प्रभावकारी कार्यन्यन हुन सकिरहेको छैन । यसलाई प्रभावकारी बनाउन अनुगमन र सुपरिवेक्षण प्रणालीलाई स्रोत केन्द्र लगायत सम्बन्धीत निकायहरूले नियमित र प्रभावकारी बनाउनु पर्ने हुन्छ ।

**५.३.२ कार्यान्वयन तह :-**

क) तालिम प्राप्त शिक्षकले सिकेका ज्ञान र सीपले तालिम अप्राप्त शिक्षकलाई सहयोग गर्न प्रधानाध्यापकले विदाको समयमा गोष्ठी, सेमिनारको आयोजना गर्नु पर्दछ । जसले गदा तालिम अप्राप्त शिक्षकहरूलाई पनि अझ गुणस्तरीय अध्यापन गराउन मदत पुग्दछ ।

ख) कुनै पनि कार्य सम्पादनको महत्वपूर्ण अंग अनुगमन र मूल्याङ्कन पनि हो तालिम लिएर फर्केका शिक्षकहरूको पनि प्रधानाध्यापक र विद्यालय निरिक्षकबाट तालिममा सिकेका ज्ञान र सिपहरूलाई कक्षाकोठामा प्रयोग भए नभएको बारेमा निरन्तर अनुगमन र पृष्ठपोषण दिने व्यवस्था विद्यालय प्रशासन र स्रोत केन्द्रले गर्नु पर्दछ ।

ग) तालिम प्राप्त शिक्षकहरूलाई पनि अर्धवार्षिक वा वार्षिक रुपमा पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्दछ ।

घ) विद्यालयमा आवश्यक भौतिक पूर्वधार तयार गरि विद्यार्थी संख्या र कक्षा कोठाको आकार तथा वेन्चको संख्याको अनुपात मिलाईनु पर्दछ ।

ङ) शिक्षक विद्यार्थी अनुपात मिलाउनुका साथै शिक्षकको पिरियडमा वैज्ञानिकता अपनाइनु पर्दछ ।

च) शिक्षण सिकाई कार्यनीतिको सुधारका लागि जिल्ला शिक्षा अधिकारी, विद्यालय निरिक्षक, स्रोत व्यक्ति र प्रधानाध्यापक बिचमा समय-समयमा गोष्ठी तथा बैठकको व्यवस्था गर्नु पर्छ ।

छ) पाठले मागे अनुसारको क्रियाकलाप गराउनका लागि सबै विद्यालयहरूले आवश्यक न्यूनतम शैक्षिक सामग्रीको उपलब्धता गराई व्यवस्थित गर्नु पर्छ जसले गर्दा शिक्षकहरूलाई सामग्री प्रयोग गरि अध्यापन गराउन सहज हुने र विद्यार्थीहरूलाई पनि बुझ्न सजिलो हुन्छ ।

**५.३ अनुसन्धान तह :**

तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन यस शोधपत्रमा गरिएता पनि प्राप्त तथ्याङ्कको विश्वसनीयताको तथ्याङ्कशास्त्रीय ढंगले विश्लेषण गर्न सकिएको छैन । यस क्षेत्रमा अध्ययन गर्न चाहने अनुसन्धानकतालई निम्न सुझाव दिन चाहन्छु ।

१. तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले कक्षाकोठामा प्रयोग गरेका कार्यनीनिहरुको विश्वसनीयताको तथ्याङ्क शास्त्रीय ढंगले विश्लेषण गर्न ।

२. तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको अनुभवलाई आधार मानी उनीहरुले प्रयोग गर्ने कार्यनीतिहरुको अध्ययन गर्ने ।

३. तालिमको प्रभावकारीताको बारेमा अध्ययन गर्ने ।

# सन्दर्भ सामग्री


काफ्ले, टोलनाथ (२०६०), ***प्राथमिक विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूमा हुनुपर्ने आधारभूत निपूर्णता,*** स्नाकोत्तर तहको प्रतिवेदन, काठमाण्डौं त्रि.वि शिक्षाशास्त्र संकाय ।

डंगोल, दिल भक्त (१९९६) ***प्राथमिक तहको सामाजिक विषयमा तालिम प्राप्त र अप्राप्त शिषक द्वारा गरिने शिक्षण क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया र शैक्षिक सामग्रीको प्रयोग एक तुलनात्मक अध्ययन*** , काठमाडौं त्रि. वि. शिक्षाशास्त्र संकाय ।

ढकाल, माधव प्रसाद (२०५२) ***नेपालमा प्राथमिक शिक्षा,*** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिम कार्यन्वयन कार्यविधि (२०६३) ***शैक्षिक जनशक्ति विकास केन्द्र*** सानो ठिमी भक्तपुर ।

पौडेल, गिरीराज (२०६०) ***शैक्षिक प्रविधि,*** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, संजिव (२०६७) ***तालिम प्रापत र अप्राप्त शिक्षकहरुको कक्षाकोठाको अध्ययन,*** भरतपुर, सप्तगण्डकी क्याम्पस शिक्षाशास्त्र संकाय ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३) ***शैक्षिक जनशक्ति विकास केन्द्र,*** सानो ठिमी भक्तपुर ।

शर्मा, गोपीनाथ (२०६२) ***नेपालका शिक्षा आयोग प्रतिवेदनहरू,*** काठमाण्डौं, मकालु बुक्स एण्ड स्टोर्स

***शिक्षा ऐन*** (२०२८) ***तथा शिक्षा निमावली*** (२०५९) काठमाण्डौं मकालु बुक्स एण्ड स्टेनर्स ।

श्रेष्ठ, प्रकाशमान (२०५६) ***कक्षाकोठाको व्यवस्थापन,*** काठमाण्डौं शैक्षिक अनुसन्धान विकास केन्द्र ।

## तलिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षाकोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन

### अनुसूची १

### प्रधानाध्यापक लागि प्रश्नावली

**प्रधानाध्यापकको नाम :**

**विद्यालयको नाम :**

**शैक्षिक योग्यता**

---

१) तपाईको विद्यालयमा तालिम प्राप्त वा अप्राप्त खालका शिक्षकहरु वढी हुनुहुन्छ ?

तालिम प्राप्त सङ्ख्या ☐ तालिम अप्राप्त सङ्ख्या ☐

२) तालिम प्राप्त शिक्षकले तालिममा सिकेका ज्ञान सीप तथा कार्यनीतिहरूलाई कक्षाकोठामा प्रयोग गरेको पाउँनु हुन्छ ?

छ ☐ छैन ☐ केहीमात्र ☐

३) तालिम प्राप्त शिक्षकले विद्यार्थी उत्प्रेणाको लागि कस्ता खालका रणनीतिहरु प्रयोग गर्दछन ?

वालगीत ☐ खेल ☐ अन्य क्रियाकलाप ☐

४) तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरू बीच भिन्नता पाउनु भएको छ ?

छ ☐ छैन ☐

५) कक्षा नियन्त्रणमा कुन शिक्षकको बढी प्रभावकारीता भएको पाउनु भएको छ ?

तालिम प्राप्त ☐ तालिम अप्राप्त ☐

६) तालिम अप्राप्त शिक्षकले गर्दा कुन विधिको बढी प्रयोग गरेको पाउनु भएको छ ?

बाल केन्द्रीत ☐ शिक्षक केन्द्रीत ☐ सामग्री केन्द्रीत ☐

७) कक्षा कोठामा शिक्षण गर्दा पाठको शिक्षण गर्दा पाठको विचविचमा वा अन्त्यमा पृष्टपोषणको प्रयोग भएको पाउनु भएको छ कि छैन ?

छ ☐ छैन ☐

८) तालिम प्राप्त र अप्राप्त शिक्षकले कक्षा कोठामा देखाएको हाउभाउमा फरक छ ?

छ ☐ छैन ☐

९) तालिमका कारणले शिक्षण सिकाई क्रियाकलापमा फरक पर्दछ भन्ने भनाइ सँग तपाई सहमत हुनुहुन्छ कि हुनुहुन्न ? किन ?

...........................................................................................................

१०) तालिम प्राप्त शिक्षकले पनि तालिम मा सिकेको ज्ञानलाई प्रभावकारी रुपमा कक्षा कोठामा प्रयोग गर्न नसक्नुका कारणहरु के-के होलान् ?

...........................................................................................................

११) कक्षाकोठामा शिक्षण सिकाइ कार्यनीतिलाई प्रभावकारी वनाउने उपायहरू के-के होलान् ?

...........................................................................................................

१२) तालिम प्राप्त शिक्षकले कक्षाशिक्षण गर्दा कुन विधिको बढी प्रयोग गरेको पाउँनु भएको छ ?

...........................................................................................................

१३) तालिम प्राप्त शिक्षकबाट अध्यापनमा देखापरेका समस्याहरू के-के जस्तो पाउँनु भएको छ ?

...........................................................................................................

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरूको अध्ययन**

## अनुसूची २

## शिक्षकको लागि प्रश्नावली

**शिक्षकको नाम :**

**विद्यालयको नाम :**

---

१) कक्षाको शुरुवातमा विद्यार्थीलाई कसरी उत्प्रेरित गर्नु हुन्छ ?

प्रश्नसोधेर ☐ अभिवादन गरेर ☐ गेसिङ गेम ☐ अन्य ☐

२) कक्षा नियन्त्रण गर्दा के उपाय अपनाउनु हुन्छ ?

दण्ड ☐ पुरस्कार ☐ अन्य ☐

३) तपाईको कक्षामा विद्यार्थीहरूको क्रियाकलापमा कत्तिको सहभागिता रहन्छ ?

न्यून ☐ मध्यम ☐ उच्च ☐

४) शिक्षण गर्दा चक वोर्ड / मार्कर वोर्डको प्रयोग कत्तिको गर्नुहुन्छ ?

न्यून ☐ मध्यम ☐ उच्च ☐

५) शिक्षण गर्दा बढि कुन विधिलाई अपनाउनु हुन्छ ?

बाल केन्द्रित ☐ शिक्षक केन्द्रित ☐ सामग्री केन्द्रित ☐

६) समुह छलफलद्वारा शिक्षण गर्दा कक्षा शिक्षण कत्तिको प्रभावकारी हुन्छ जस्तो लाग्छ ?

न्यून ☐ मध्यम ☐ उच्च ☐

७) विद्यार्थी मूल्याङ्कन मा कुन साधनको प्रयोग गर्नु हुन्छ

लिखित ☐ मौखिक ☐

८) पाठको बीचबीचमा मूल्याङ्कन गर्दा कसरी गर्नु हुन्छ ?

व्यात्त्किगत रूपमा ☐ सामूहिक रूपमा ☐

९) शिक्षक, शिक्षण गर्दा कक्षाको कुन भाग मा बढी रहनु हुन्छ ?

अगाडि ☐ बीचमा ☐ पछाडि ☐ चारैतिर ☐

१०) प्रश्न सोध्दा कस्ता विद्यार्थीलाई बढी सोध्ने गर्नु हुन्छ ?

जान्ने विद्यार्थी ☐ नजान्ने ☐ मध्यम ☐

११) मूल्याङ्कन गर्दा पहिलो कर्स्ता विद्यार्थीलाई बढी सोध्ने गर्नुहुन्छ ?

तिक्षण विद्यार्थीलाई [ ] कमजोर [ ]

१२) कस्ता खालका शिक्षण सामग्रीहरूको बढी प्रयोग गर्नुहुन्छ ?

स्थानीय [ ] वाहिरबाट ल्याएर [ ]

१३) तालिमका कारणले शिक्षाको गुणस्तरमा फरक पार्दछ भन्ने भनाइ संग तपाई सहमत हुनु हुन्छ कि हुनु हुन्न ?

सहमत [ ] असहमत [ ]

......................................................................................................................

१५) तालिम नपाउँदा शिक्षणमा कस्ता समस्याहरू भोग्नु परेको छ ?

......................................................................................................................

१६) तालिम पाएर पनि व्यवहारमा उर्तान नसक्नुका कारणहरू के-के होलान् ?

......................................................................................................................

१७) शिक्षण सामग्रीको प्रयोग गर्नुहुन्छ कि हँदैन ?

......................................................................................................................

## तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षा कोठामा प्रयोग गरेका कार्यनीतिहरू

## अनुसूची ३

## कक्षा अवलोकंन फारम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : घण्टी :

**शैक्षिक योग्यता :**

---

१) पूर्वपाठको समीक्षा गरेको ☐ नगरेको ☐

२) विद्यार्थी उत्प्रेरित गरेको ☐ नगरेको ☐

३) सिकाईमा विद्यार्थीको सहभागिता नगन्य ☐ न्यून ☐

मध्यम ☐ उच्च ☐ अति उच्च ☐ रहको ।

४) कक्षा नियन्त्रणमा शिक्षकको भूमिका न्यून ☐ मध्यम उच्च ☐

५) शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीको सक्रियता

अति न्यून ☐ न्यून ☐ मध्यम ☐ उच्च ☐

६) शिक्षण विधिको छनोट

बाल केन्द्रित ☐ शिक्षक केन्द्रित ☐ सामग्री केन्द्रित ☐

७) शिक्षण सिकाई क्रियाकलापमा शिक्षकको गतिशीलता

स्थिर ☐ अगाडि पछाडि ☐ अगाडि ☐ पछाडि ☐ चारैतिर ☐

८) पाठको प्रस्तुतीकरण :

क. शिक्षक निर्देर्शिका पालन प्रयोग गरेको ☐ नगरेको ☐

ग. उदाहरणको प्रस्तुतीकरण छ ☐ छैन ☐

घ. उदाहरणको उपयुक्त छ ☐ छैन ☐

९) शैक्षिक क्रियाकलाप

क. विषयवस्तु अनुरूप भएको ☐ भएन ☐ यदि भएन भने के गरियो ।

ख. व्याख्या विश्लेषण उपयुक्त ☐ अनुपयुक्त ☐

ग. विद्यार्थीलाई क्रियाकलापमा प्रोत्साहन गरियो ☐ त्यति गरिएन ☐ गरिएन ☐

घ. शिक्षण सामग्री

-दैनिक प्रयोगमा आउने सामग्री, ☐ के के ..................................................

-शिक्षक निर्मित सामग्री, ☐ के के ..........................................................

-विद्यार्थी निर्मित सामग्री, के के ...........................................................

-स्थानीय सामग्री ☐, के के ....................................................................

-विद्यालयमा उपलब्ध सामग्री☐, के के ......................................................

-वास्तविक सामग्री ☐

-नमुना सामग्री☐, के के ......................................................................

-चित्र सामग्री☐ , के के .......................................................................

ङ) पढाउने क्रममा विद्यार्थीलाई प्रश्न सोध्ने ☐ काम भयो ☐ , भएन ☐

भएको भए उपयुक्त ☐ अनुपयुक्त ☐

- शिक्षक मात्र सक्रिय विद्यार्थीलाई पनि सक्रिय गराईयो ☐दुवै सक्रिय रहे ☐

-शिक्षक विद्यार्थी विच अन्तरक्रिया भयो ☐ भएन ☐

१०) मूल्याङ्कन प्रक्रिया :

क) पाठको विच विचमा प्रश्न सोधियो ☐ सोधिएन ☐

ख) पाठको अन्त्यमा प्रश्न सोधियो ☐ सोधिएन ☐

ग) प्रश्न उद्देश्यसँग सम्बन्धित ☐ असम्बन्धित ☐

ङ) मूल्याङ्कन तरिका लिखित ☐ मौखिक ☐

च) अभ्यास गर्न लगाइयो ☐ लगाइएन ☐

छ) विद्यार्थीलाई पृष्ठपोषणको व्यवस्था भयो ☐ भएन ☐